म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२६ शुक्रबार, १५ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 28 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पोखराबाट अपहरणमा परेकी अमेरिकी महिलाको मकवानपुरबाट उद्धार

हेटौंडा, १४ चैत/पोखरामा एक अमेरिकी महिलाको अपहरण गरेको आरोपमा एक नेपाली महिला पक्राउ परेकी छिन् । पक्राउ पर्नेमा नुवाकोटको बेलकोटगढी नगरपालिका-४ घर भएकी ३७ वर्षीया सरिता लामा छिन् । उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो, जिल्ला प्रहरी कार्यालय मकवानपुर र कास्की प्रहरीको सहयोगमा पक्राउ गरिएको हो । ७० वर्षीया एक अमेरिकी महिला नेपाल घुम्ने क्रममा मुक्तिनाथ मन्दिर दर्शन गर्न भन्दै पोखरा पुगेकी थिइन् । पोखराको लेकसाइडस्थित एक होटलमा बसेकी ती महिलालाई लामाले अपहरण गरेको आरोप छ । पोखराबाट अपहरण गरेर उनलाई मकवानपुर ल्याएर बन्धक बनाइएको पाइएको कास्की प्रहरीले जनाएको छ । अपहरण गरेर बन्धक बनाउँदै ३ लाख फिरौती मागेपछि काठमाडौंस्थित अमेरिकन दूतावासले प्रहरीलाई खबर गरेको थियो । त्यसपछि प्रहरीले उनलाई उद्धार गरेको हो । पक्राउ परेकी लामाविरुद्ध काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर अपहरण तथा शरीर बन्धकको कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

# एक दशकमा १२७ चेपाङले वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाए

साझाकुरा संवाददाता



हेटौंडा, १४ चैत/दश वर्षको अवधिमा वन्यजन्तुको आक्रमणबाट १२७ जना चेपाङ समुदायका नागरिकले ज्यान गुमाएका छन् । यो तथ्यांक हेर्दा सरकारले जंगली जनावर ब्यवस्थापन गर्न कन्जुस्याईं गरेको देखिन्छ ।

राष्ट्रिय मानवअधिकार आयोगको तथ्यांकअनुसार आर्थिक वर्ष २०७०/७१ यता नेपालमा जंगली जनावरको आक्रमणबाट १२७ जना अतिसीमान्तकृत चेपाङ समुदायका व्यक्तिले ज्यान गुमाएका हुन् । प्रत्येक वर्ष ५ जना भन्दा बढी १९ जनासम्म चेपाङले ज्यान गुमाएको आयोगको तथ्यांकले देखाएको छ । सबैभन्दा कम २०७२/७३ र २०७४/७५ मा ५ जनाले ज्यान गुमाएका थिए भने २०७८/७९ मा १९ जना चेपाङले जंगली जनावरको आक्रमणबाट ज्यान गुमाएको आयोगका मानव अधिकार अधिकृत किरण बरामुले जानकारी दिए ।

उनका अनुसार आर्थिक वर्ष २०७०/७१ मा ९ जना, २०७१/७२ मा ८ जना, २०७२/७३ र २०७४/७५ मा ५ जना, २०७३/७४ मा १३ जनाले ज्यान गुमाएका थिए । आर्थिक वर्ष २०७५/७६ मा १२ जना, २०७६/७७ मा ९ जना, २०७७/७८ मा १२ जना, २०७८/७९ मा १९ जना चेपाङ समुदायका व्यक्तिले जनावरको आक्रमणबाट ज्यान गुमाएका छन् । यस्तै २०७९/८० मा १५ जना, २०८०/८१ मा ११ जना र चालु आर्थिक वर्षको हालसम्म ९ जनाले ज्यान गुमाएको बरामुले जानकारी दिए ।

ज्यान गुमाउने १२७ चेपाङ समुदायका व्यक्तिमध्ये ३६ महिला र ९१ पुरुष रहेका छन् । उनीहरुमध्ये बाघको आक्रमणबाट ४० जना, हात्तीको आक्रमणबाट २८ जना र गैंडाको आक्रमणबाट ५२ जनाले ज्यान गुमाएको तथ्यांकले देखाएको छ । गोही र बँदेलको आक्रमणबाट ३/३ जना र गौरीगाईको आक्रमणबाट एकजनाले ज्यान गुमाएका हुन् । मृत्यु हुनेमध्ये माडीक्षेत्रका मात्रै २९ जना रहेको पाइएको छ । राष्ट्रिय निकुञ्ज, आरक्षका जनावरको ब्यवस्थापन गर्ने कार्यमा सरकारले गंभीरतापूर्वक चासो देखाउनु पर्ने अवस्था छ ।

चेपाङ समुदायको बसोबास वनजंगल नजिकै ऐलानी जग्गामा हुँदै आएकोले जंगली जनावरको आक्रमणबाट ज्यान गुमाउनेको संख्यामा बृद्धि भैरहेको आयोगका मानवअधिकार अधिकृत बरामुले जानकारी दिए । 'विकटमा बसोबास गर्न बाध्य भएकाहरु जंगल छेवैमा बस्नुपरेको छ । केहीले खानीजन्य उद्योगले पनि बसाइँसराई गराएको छ', उनले भने, 'असुरक्षित बसोबसका कारण उनीहरुले ज्यान गुमाउनुपर्ने बाध्यात्मक परिस्थिति रहेको छ ।' विकासको मूलप्रवाहमा समेटिन नसकेकै कारण चेपाङ समुदायको बसोबास जंगल छेउमा बढी छ ।

यस्तै कारणले पनि राष्ट्रिय निकुञ्ज र चेपाङ समुदायको द्वन्द्व निरन्तर चल्दै आइरहेको उनले बताए । ऐलानी जग्गामा बस्न बाध्य उनीहरुले जीवजन्तुले पुऱ्याएको मानवीय तथा भौतिक क्षतिको क्षतिपूर्ती समेत नपाउने अवस्था रहेको राष्ट्रिय मानवअधिकार आयोगले जनाएको छ । नेपालमा मकवानपुर, चितवन, धादिङ र गोरखा जिल्लामा चेपाङ समुदायको बसोबास रहेको छ । यी ४ जिल्लामा बिशेषगरी खोला र जंगल छेउमा उनीहरुको बसोबास रहने गरेको पाइएको छ ।

२०७८ को राष्ट्रिय जनगणना अनुसार चेपाङको जनसंख्या ८४ हजार ३ सय ६४ रहेको छ । चेपाङको परम्परागत धर्म प्राकृतिक धर्म हो । चेपाङहरुले सिमिभूमिदेखि रुख तथा थानीलाई पूजा गर्छन् ।

खेतीबाली लगाउनुभन्दा अगावै भुइँ झ्यासा (भूमिपूजा) गर्ने गरिन्छ । यो पूजा प्राय: माघ र फागुनमा गरिन्छ । बाली पाकिसकेपछि सबैभन्दा पहिले नजिकको थानीभूमिलाई चढाइ सकेपछि मात्र आफूहरु खान्छन् ।

मकवानपुरको राक्सिराङमा सिमेन्ट उद्योगले निकालेको ढुंगा उत्खननबाट ४० घरधुरी चेपाङ सुकुमबासी भइरहेका छन् । राक्सिराङ-९ को तामाखानीको कारण पनि चेपाङ समुदाय समस्यामा छन् । नेपालमा करिब तीनसय घरधुरी चेपाङ विभिन्न उद्योग तथा खानीबाट विस्थापित हुने क्रममा रहेको बताइएको छ ।

## मकवानपुरे पत्रकारितामा नयाँ पुस्ता:

# चुनौती, अवसर र तयारीबारे प्यानल छलफल




साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ मकवानपुरमा नयाँ पुस्ताको पत्रकारिताका अवसर, चुनौती र आवश्यक तयारीका विषयमा गहन छलफल भएको छ ।

स्वतन्त्र पत्रकार संघ, मकवानपुरको आयोजनामा बिहीबार हेटौंडामा प्यानल छलफल भएको हो । कार्यक्रममा वरिष्ठ पत्रकार प्रताप विष्ट, बागमती प्रदेश सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटा, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, युवा पत्रकार जमुना थिङ वक्ताका रुपमा उपस्थित रहेका थिए । छलफलमा वरिष्ठ पत्रकार विष्टले पत्रकारिताको विगत र वर्तमान अवस्था तुलना गर्दै नयाँ पुस्ताका पत्रकारका लागि चुनौतीभन्दा अवसर बढी रहेको बताए ।

विगतमा पत्रकारिता संघर्षपूर्ण भएपनि अनुशासनयुक्त रहेको तर, अहिले प्रविधिको विकास भएपनि सामग्रीको गुणास्तर र अनुशासनमा कमी देखिएको उनको बुझाई छ । उनले प्रविधिको प्रयोगसँगै पत्रकारिताको गति तीव्र भएपनि समाचारको गहिराइ र विश्वसनीयता खस्किरहेको बताए । यसैगरी सञ्चार रजिष्टार सापकोटाले इन्टरनेटको विकाससँगै अनलाइन सञ्चारमाध्यम बढ्दै गएपनि समाचारको गुणस्तरमा वृद्धि नभएको बताए । अहिले पत्रकारितामा खोज पत्रकारिता र गुणस्तरीय सामग्री निर्माण गर्ने संस्कारको विकास हुन नसकेको उनको भनाई छ ।

सञ्चार रजिष्ट्रार सापकोटाले सञ्चार माध्यमको आम्दानी खुम्चिंदै गएको र लगानी बढ्दै गएको उल्लेख गर्दै सञ्चार व्यवसायलाई टिकाउन आर्थिक सन्तुलन आवश्यक रहेको बताए । यस्तै महासंघका जिल्ला अध्यक्ष अधिकारीले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुन नहुने कुरामा जोड दिएका छन् । अहिले सरकार र कानुनी व्यवस्थाले प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्ने प्रयास गरिरहेको तर, स्वतन्त्र पत्रकारिता कायम राख्न कानुनी सुरक्षा आवश्यक रहेको उनले बताए ।

उनले नयाँपुस्ताका पत्रकारले अनुसन्धानमूलक पत्रकारितालाई प्राथमिकता दिनुपर्ने र सामाजिक परिवर्तनका संवाहक बन्नुपर्ने बताए । यसैगरी युवा पत्रकार थिङले नयाँ पुस्ताले डिजिटल मिडियामा अवसर खोज्न सक्ने तर, सामग्रीको गहिराइ र पत्रकारिता आचारसंहिता पालना नगर्ने प्रवृत्तिले समस्या निम्त्याउने गरेको बताए ।

आजको पुस्ताले प्रविधि सजिलै आत्मसात गरेको तर, सामग्रीको खोजीमा मेहनत नगरेको उनको भनाई छ । उनले नयाँपुस्ताले सिर्जनात्मक पत्रकारिता, अनुसन्धान मूलक रिपोर्टिङ र सत्यतथ्यमा आधारित समाचार उत्पादनमा ध्यान दिनुपर्ने बताए । कार्यक्रममा सहभागी वक्ताहरुले मकवानपुरे पत्रकारितालाई थप प्रभावकारी बनाउन प्रशिक्षण, अनुसन्धानात्मक पत्रकारिता, डिजिटल प्लेटफर्मको सही उपयोग, नीति निर्माण र वित्तीय व्यवस्थापनमा ध्यान दिनुपर्ने आवश्यकता रहेको निष्कर्ष निकालेका थिए ।

स्वतन्त्र पत्रकार संघ, मकवानपुरका सचिव बसन्त भण्डारीले सहजीकरण गरेको कार्यक्रमको समग्र विशेष टिप्पणी अग्रज पत्रकार राममणि दाहालले गर्नुभएको थियो ।

# मकवानपुर गोल्डकप नहुने पक्कापक्की



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता यो वर्ष नहुने भएको छ । प्राय: सबै जिल्लाका गोल्डकप सम्पन्न भैसक्दा मकवानपुर गोल्डकप भने यसवर्ष नहुने पक्कापक्की भएको हो ।

जिल्ला फुटबल संघ मकवानपुरले आयोजना गर्दै आएको गोल्डकप यो वर्ष अनिश्चित बनेको हो । यो वर्षको अन्तिम गोल्डकपका रुपमा अहिले रुपन्देहीमा तिलोत्तमा गोल्डकप सञ्चालन भइरहेको छ । त्यसपछि यही १६ गतेबाट तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल) सुरु हुनेछ । करिब एक महिना एनएसएल चल्ने भएकोले त्यो समयमा गोल्डकप गर्न सम्भावना छैन ।

कतैबाट ठूलै रकमको आर्थिक जोहो गर्न सकिन्छ कि भनेर आन्तरिकरुपमा लागिपरेका फुटबल संघका पदाधिकारीले अहिलेसम्म स्रोतको फेला पार्न सकेको छैन । गोल्डकपको कुनै तयारीसमेत नभएकोले यसवर्ष प्रतियोगिता नहुने करिब पक्कापक्की जस्तै रहेको छ । छैटौं संस्करणको मकवानपुर गोल्डकप सम्पन्न भएको करिब १४ महिना हुन लाग्दा आयोजकले अहिलेसम्म प्रतियोगिताको हरहिसाब समेत सार्वजनिक गर्न सकेको छैन । गोल्डकपको तिरोतारो अझै बाँकी रहेको पाइएको छ ।

गतवर्ष माघ २७ गते छैटौं संस्करणको गोल्डकप सम्पन्न गरेको थियो । संघका जिल्ला अध्यक्ष टीकाराम लामा, उपाध्यक्ष युवराज लामा र कोषाध्यक्ष अमृत लुङ्बा लगायतका पदाधिकारी प्रतियोगिताको नामै परिवर्तन गरेर भए पनि गोल्डकपलाई निरन्तरता दिने उद्देश्यसहित सम्भावित स्रोत खोज्न लागिपरेका थिए । यद्यपि संघका अध्यक्ष लामाले एनएसएलपछि गोल्डकप हुनसक्ने बताउँदै आएका छन् ।

सुरुवाती वर्षमा मकवानपुरका स्थानीय तहले यस प्रतियोगिताका लागि २ देखि ५ लाख रुपैयाँसम्म बजेट छुट्याउने गरेको भएपनि पछि 'उपलब्धिविहीन' भन्दै बजेट कटौती गर्दै गएका थिए । अघिल्लो वर्षको गोल्डकपका लागि हेटौंडा उपमहानगरबाहेक अन्य स्थानीय तहले खासै बजेट उपलब्ध गराएनन् । अघिल्लो गोल्डकपको हिसाबसमेत सार्वजनिक गर्न नसकेको भन्दै फुटबल संघकै पदाधिकारी असन्तुष्ट हुँदै आएका छन् । छैटौं संस्करणको मकवानपुर गोल्डकपको उपाधि सशस्त्र प्रहरीको एपीएफ क्लबले जितेको थियो ।

# फरेस्ट्रीका विश्वविद्यालय, क्याम्पसको मुख्यमन्त्रीद्वारा निरीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले हेटौंडास्थित फरेस्ट्रीका एक विश्वविद्यालय र एक क्याम्पसको निरीक्षण गरेका छन् ।

मुख्यमन्त्री लामाले बिहीबार हेटौंडा-१० स्थित कृषि तथा वनविज्ञान विश्वविद्यालय, वन संकाय (एएफयू) र वन विज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पस (फरेस्ट्री)को निरीक्षण गरेका हुन् । मुख्यमन्त्री लामाले क्याम्पसको भौतिक संरचना, शिक्षाको गुणास्तर, ल्याब तथा संग्रहालय र विद्यार्थीबारे जानकारी लिएका थिए । सो अवसरमा फरेस्ट्रीभित्र रहेका दुई क्याम्पस बीचको विवादका विषयमा पनि मुख्यमन्त्री लामालाई जानकारी गराइएको थियो । निरीक्षणका क्रममा कृषि तथा वनविज्ञान विश्वविद्यालय (वन संकाय) का डिन डा. वासुदेव पोखरेलले एएफयूतर्फको शैक्षिक तथा प्राज्ञिक र संरचनाको अवस्थाबारे जानकारी गराएका थिए ।

उनले हाल विश्वविद्यालय अन्तर्गत ल्याब, नर्सरी तथा भौतिक संरचनाको अभाव रहेको जानकारी गराएका थिए । उनले ल्याब, नर्सरी, भौतिक संरचना तथा होस्टेल निर्माणका लागि स्रोत व्यवस्थापन गर्न आवश्यक पहल गरिदिन आग्रह समेत गरेका थिए । टियूतर्फको वनविज्ञान अध्ययन संस्थानका क्याम्पस प्रमुख डा. शिवकुमार माञ्जनले होस्टेल तथा भौतिक संरचना र बसका लागि स्रोत व्यवस्थापन गर्नुपर्ने बताएका थिए । क्याम्पुसमा बस नहुँदा विद्यार्थीको शैक्षिक कार्यक्रमअन्तर्गतका विभिन्न अध्ययन अनुगमनकार्य गर्न कठिन भएको उनले बताएका थिए ।

निरीक्षणपश्चात् मुख्यमन्त्री लामाले शैक्षिक संस्थाबीचको जग्गा स्वामित्व विवाद लम्ब्याउन नहुने बताएका थिए । शैक्षिक गुणस्तर कायम गर्न देखिएका समस्या र चुनौतीहरु छलफलबाट समाधान गर्नुपर्ने उनले बताए । यो विषय संघीय सरकारअन्तर्गतको रहेकाले सोबारे आवश्यक पहल गर्नेसमेत आश्वासन दिए । मुख्यमन्त्री लामाले शिक्षा विकास र समृद्धिको मेरुदण्ड रहेकाले राज्यले आफ्नो लगानी त्यसतर्फ केन्द्रित गर्नुपर्ने बताए ।

प्राविधिक शिक्षा अहिलेको आवश्यकता रहेकाले शैक्षिक संस्थाहरुले त्यसतर्फ केन्द्रित हुनुपर्ने समय आएको उनको भनाइ छ । वर्तमान शिक्षाको मोडललाई व्यावहारिक र व्यावसायिक बनाउन प्राविधिक शिक्षामा जोड दिन जरुरी रहेको उनले औंल्याए । क्याम्पसभित्रको वनजंगल र जीवजन्तुलाई संरक्षण गरेर पर्टयकीय क्षेत्रको रुपमा अघि बढाउनुपर्ने उनको भनाइ छ ।

सरकारको लगानीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गरी राजस्व संकलनका विभिन्न क्षेत्रहरु तयार गर्ने गरी क्याम्पसलाई अघि बढाउनुपर्ने उनले बताए । क्याम्पसको क्षमता तथा व्यवस्थापनका विषयमा आवश्यक सहयोग तथा पहल गर्ने मुख्यमन्त्री लामाले प्रतिबद्धता गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्यााँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सीमान्तकृत समुदायको स्वास्थ्य बीमा

सरकारले स्वास्थ्य बीमाको कार्यक्रम संचालनमा ल्याएपछि बिपन्न परिवारको सदस्यले स्वास्थ्यउपचारमा निकै राहत पाएका छन् । नागरिकको स्वास्थ्य उपचारको अधिकारलाई स्वास्थ्य बीमाले सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । बागमती सरकारले प्रदेशमा रहेका सीमान्तकृत र अल्पसंख्यक समुदायका नागरिकको नि:शुल्क स्वास्थ्य बीमाको प्रक्रिया अगाडि बढाएको छ । प्रदेश सरकारले चालू आर्थिक वर्षमा साढे ११ करोड रुपैयाँभन्दा बढी खर्च गरेर प्रदेशका विभिन्न जिल्लामा बसोबास गर्ने सीमान्तकृत र अल्पसंख्यक समुदायका मानिसको बीमा प्रक्रिया अगाडि बढाएको जनाएको छ । स्वास्थ्य बीमा नभएका कारण औषधिउपचार गर्दा महँगो रकम तिर्नुपर्ने, पैसा अभावकै कारण उपचार पाउन समस्या हुने भएकाले प्रदेश सरकारले प्रदेशमा रहेका लक्षित वर्गलाई तोकेर बीमा गरिदिने भएको हो । प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमा बोर्डसँग सम्झौता गरी नि:शुल्क स्वास्थ्य बीमाको काम अगाडि बढाएको छ । मन्त्रालयले सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गता 'ख' वर्गका व्यक्तिको स्वास्थ्य बीमा गर्न स्वास्थ्य बीमा बोर्डलाई आठ करोड १३ लाख रुपैयाँ पेस्कीसमेत प्रदान गरिसकेको छ ।

प्रदेशमा रहेका लक्षित वर्गको नि:शुल्क स्वास्थ्य बीमाका लागि चालू आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले ११ करोड ५७ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेको छ । मन्त्रालयका अनुसार लक्षित वर्गमा सीमान्तकृत र लोपोन्मुख जातिमा कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, साप्चे, मेचे, कुसवाडिया छन्रु। अति सीमान्तकृत समूहअन्तर्गत चेपाङ, माझी, सियार, ल्होम, सिङ्साबा, बुदान, धानुक, सतार, संताल, झांगड, थामी, बोटे, सुनुवार र बरामु जाति छन् । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश कार्यालय भक्तपुरसँग बीमाका लागि पुस दोस्रो साता सम्झौतामा हस्ताक्षर गरेको हो । २०८१ साउन १ गतेदेखि ०८२ असार मसान्तसम्म लागू हुने गरी स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलाल र स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश संयोजक मनोज पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार लक्षित समुदायको पहिचान गरी बोर्डका सहजकर्ताले नि:शुल्क बीमा गरिदिनेछन् । स्वास्थ्य बीमाको प्रिमियम भुक्तानी गर्न नेपाल सरकार र स्वास्थ्य बीमा बोर्डले तयार गरेको स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम स्वास्थ्य बीमा कार्यक्रममा आबद्धता गराइने उल्लेख छ । बीमा नियमावली, २०७५ अनुसार पाँचजनासम्म सदस्य भएको प्रतिपरिवार तीन हजार पाँच सय र पाँचजनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्य सात सय रुपैयाँ थप गरी स्वास्थ्य बीमा गरिने उल्लेख छ । गत आर्थिक वर्षमा पनि प्रदेश सरकारले प्रदेशभित्र बसोबास गर्ने लक्षित वर्गका लागि नि:शुल्क स्वास्थ्य बीमा गरेको थियो ।

मन्त्रालयले गतवर्ष बीमाका लागि पाँच करोड २५ लाख रुपैयाँ खर्च गरेको थियो । गतवर्ष बीमा कार्यक्रममा सबैलाई समेट्न नसके पनि यसवर्ष कोही नछुट्ने अपेक्षा गरिएको मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. गेललाले बताए । यसवर्ष बजेट पनि बढेको र बीमा गर्ने लक्षित वर्गको संख्या पनि दोब्बरले बढ्ने अनुमान गरिएको डा. गेलालको भनाइ छ । उनका अनुसार गत आवमा प्रदेशका १३ जिल्लाका १७ हजार ८३१ लक्षित परिवारको स्वास्थ्य बीमाबापतको रकम मन्त्रालयले भुक्तानी गरेको थियो । मन्त्रालयले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नेपाल सरकारबाट ५० प्रतिशत र बागमती प्रदेश सरकारबाट बाँकी ५० प्रतिशत बीमा योगदान रकमसमेत भुक्तानी गरिदिने भएको छ । गत आर्थिक वर्षमा प्रदेशले चार जिल्लाका ६३७ परिवारको बीमा गरेको थियो । मकवानपुरका ६११, भक्तपुरका चार, ललितपुरका पाँच र चितवनका १७ परिवारको बीमा गरिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १६ गते शनिबार २९ मार्च २०२५ । औंसी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:००, सूर्यास्त ६:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्छ र ?



✍केशव अधिकारी

गणतान्त्रिक व्यवस्थाका सञ्चालकहरू चाहिनेभन्दा अधिक लोभको खाल्टोमा जाकिनाले गणतान्त्रिक व्यवस्था दुई दशक समय पनि बित्न नपाउँदै असफल भएको हो कि भन्ने भान पर्न थालेको छ । गणतान्त्रिक राज्य व्यवस्थाको विकल्पको रूपमा राजतन्त्रले टाउको उठाउने मात्र होइन कि गणतन्त्रको बलियो विकल्पको रुपमा उदाउन खोजिरहेको छ । यता गणतन्त्रको असफल नेतृत्व गर्नेहरुले राजतन्त्रका नायक मानिएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई विभिन्न आरोप लगाएर आफ्ना गलत हर्कतलाई ढाक्ने र चोखा बन्ने प्रयत्नको कसरत गरिरहेका छन् । अबका दिनमा पूर्वराजा सत्ता हत्याउन सफल होलान् कि नहोला, समयले देखाउला ।

आखिर जे भए पनि हाम्रा गणतन्त्रका सञ्चालकहरुका खराब हर्कतबाट वाक्कदिक्क भएका आम नेपाली जनताले गणतन्त्रको विकल्पको रुपमा राजतन्त्र हुन सक्छ भनेर दैनिकरुपमा विश्वास बढाइरहेका छन् । अहिले दुवै पक्षका मसिहाहरुले आ-आफ्ना पक्षलाई सही हो भन्ने देखाएर आ-आफ्ना पक्षमा जनमत तयार गर्ने प्रयासमा लागेका छन् । भर्खरैका दिनको जनमतलाई आँकलन गर्दा गणतन्त्रवादीको पक्षको तुलनामा राजावादी पक्षमा अधिक जनमत ओइरिएको देखिन्छ । गणतन्त्रका सञ्चालकहरु विगतमा आफूले गरेका गलत हर्कतको समीक्षा गरेर सच्चिने पक्षमा कदापि छैनन् । उनीहरुको लिँडेढिपी भनेको आफूहरुले सही काम गरिरहेका हुनाले जनमत आफ्नो पक्षमा अधिक हुनुपर्ने उनीहरुको दाबी रहेको छ । आफूहरुले विगतमा गरेका कुकर्महरुप्रतिको थोरै मात्र पनि आत्मसमीक्षा गर्ने साहस देखाउन सकेका छैनन् ।

गणतन्त्रको विकलपमा राजतन्त्र कदापि स्थापना हुने विषय होइन । गणतान्त्रिक व्यवस्थाको जतिको योजना बनाएर राजतन्त्रले हाँक्न सक्ने सामर्थ्य राख्न सक्नेछैन । राजतन्त्रका पनि आफ्ना व्यक्तिगत स्वार्थ नभएका होइनन् । राजतन्त्रको कुनै पनि बलियो भावी योजना बन्न सकेको छैन । केवल गणतन्त्रका नायकहरुले देशै बेचेर खालान् कि भन्ने भयका कारण राजतन्त्रले भए देश त ढुक्कले जोगाउन सक्ला कि भन्ने विकल्पका आधारमा पाइला टेकेर राजावादीहरु राजसंस्थालाई पुन: जीवित गराउने प्रयत्नमा लागेका छन् ।

गणतन्त्रवादीहरुमा जस्तै आज राजतन्त्रका कट्टर हिमायती बनेका धेरै चाटुकारहरुले आ-आफ्नो स्वार्थ पूरा भएपछि केवल राजतन्त्रका नायकलाई एक्लो पारेर आ-आफ्ना बाटोतिर लाग्नेछन् । विदेशीको इशारामा चलेका गणतन्त्रवादीहरु आज असफल भएर आम नेपाली जनताको नजरबाट गिर्नुपरेको तीतो यथार्थता भोग्दै छन्, भोलिको राजतन्त्रको गति वा हालत पनि त्यस्तै हो । गणतन्त्रका सञ्चालकहरुले आफू र आफ्ना झोले कार्यकर्तालाई देश लुटेर खुवाउने कुकर्म गर्नाले देशको आर्थिक अवस्था डामाडोल भएर आर्थिकरुपमा टाट पल्टन पुग्यो, राजतन्त्रमा पनि खान खोज्ने मुख उनै र उस्तै हुन् ।

बरु गणतन्त्रवादीहरुले आफ्ना कार्यकर्तालाई भ्रष्टाचार गर्न नजान्ने बनाएका भए कामयावी हुने थिए होलान् तर राजावादीका कार्यकर्ता खाने कुरामा जति अगाडि आउँछ नपचे पनि छेरौटी चलाएरै भए पनि हसुर्नुपर्छ भन्ने मानसिकताले ग्रस्त भएका छन् । यी सबै कारणले गर्दा पनि गणतन्त्रको विकल्पमा राजतन्त्र हुन सक्ने सम्भावना रहँदैन । राजा र राजतन्त्र कालमा प्रजा भएका आम नेपाली जनता बल्ल जनता हुन पाएका छन् । अब फेरि प्रजा नै हुन इच्छुक छैनन होला । अर्को मूल विषय भनेको राजतन्त्रको पुनर्स्थापना गर्न इच्छुक पूर्वराजासँग विदेशीले देखाएको बाटोभन्दा आफ्नो कुनै दृष्टिकोण रहेको छैन ।

अबको युगमा चाहे गणतन्त्रको शासक होस् वा राजतन्त्रको शासक जोसुकै होस्, निश्चित दृष्टिकोणबेगरको शासन भनेको असफल शासन हो । नेपाली जनता गणतन्त्रे नेतृत्वको यही दृष्टिकोणबेगरको असफल शासनबाट दिक्क भएका छन् र गणतन्त्रको विकल्प राजतन्त्र पो हुन्छ कि भनेर नहुनु मामाभन्दा कानो मामा निकोको उखानलाई आत्मसात् गर्दै छन् । यदि राजतन्त्रको कुनै दृष्टिकोण थियो नै भने त राजा वीरेन्द्रको वंश विनाशको हत्याराको आरोप लाग्दै गर्दाको बखत वास्तविक हत्यारा पत्ता लगाएर आफू त्यो दोषबाट मुक्त हुने प्रयासमा लाग्नुपर्ने हुन्थ्यो ।

तर खै त लाग्न सकेको देखिएन । भर्खरै पनि नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले पूर्वराजा ज्ञानेन्द्रको हर्कत देखेर उनलाई आरोप लगाएका थिए । हुन त सत्ता सञ्चालनमा असफल भएको र हजारौं जनताको बलिदानी गराएर आएको परिवर्तनको एकलौटी नाफा हसुर्ने गणतन्त्रको एक नाइकेले राजतन्त्रको अर्को नाइकेलाई भएभरको आरोप लगाएर आफू भने पानीमाथिको ओभानो बन्न खोज्नु आम मानवीय प्रवृत्ति नै हो । अझ हाम्रोजस्तो एउटा सर्वमान्य व्यवस्था स्थापित हुन नसकेको देशका खञ्चुवा नेताले होस् कि पूर्वराजाले खञ्चुवा नेतालाई दोष थोपरेर होस् आफू असल बनेको देखाउने हर्कतलाई स्वाभाविकरुपमा लिनुपर्ने हुन्छ ।

अहिलेको समयमा हाम्रो देशको महत्वपूर्ण आवश्यकता भनेको जनतामाझ समेत बदनाम भएको राजनीतिलाई सही बाटोमा हिँडाएर देशको चौतर्फी उन्नतिको कर्ममा जुट्ने बेला हो । तर गणतन्त्रको विकल्पको रुपमा ठानिएको वा भनिएको राजतन्त्रसँग पनि त्यो सामर्थ्य रहेको छैन भन्ने कुरा विगतको पूर्वराजा ज्ञानेन्द्र शाहको छोटो अवधिको शासनले देखाएको पूर्वपिठिकाले प्रस्ट पारिसकेकै छ । गणतन्त्रवादीहरुले आफ्ना विश्वासपात्र कार्यकर्तालाई जति लामो समयसम्म आश्वासन बाँडेर टिकाउन सके पूर्वराजामा त्यो सामर्थ्य पनि छ भनेर पूर्ण विश्वास गर्ने ठाउँ छैन ।

गणतान्त्रिक व्यवस्थाको विकल्पमा उपस्थिति जनाउन खोज्ने राजतन्त्रले हाल जति मात्रामा विश्वास बटुलेर तुलनात्मकरुपमा गणतन्त्रभन्दा उत्तमको संज्ञा दिन खोज्दै छ, राजतन्त्रका लागि यही नै महान् कुरा छ । यसैलाई रहस्यमय तरिकाले जोगाएर राख्न सकेको खण्डमा राजतन्त्रप्रतिको आम नेपाली जनताको विश्वास सदैव अटल रहनेछ । यदि पूर्वराजा ज्ञानेन्द्र गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्छ भन्दै सत्ता सम्हाल्ने हर्कतमा लागेर पुन: अक्षम वा असफल शासक बन्न पुगेका खण्डमा जनविश्वास स्वाट्टै घटेर जानेछ । पूर्वराजाका लागि गुमाउनै नहुने सबैभन्दा ठूलो कुरा गुमाएको ठहरिनेछ ।

पूर्वराजा ज्ञानेन्द्रलाई गणतन्त्रको विकल्पका रुपमा राजतन्त्र भन्दै आज उठाएर सिंहासनमा राख्ने तयारीमा जति जन जुटेका देखिन्छन्, त्यो केवल झुटसिवाय केही होइन । यदि गणतन्त्रका हिमायतीले आफ्नो आचरण सुधारेर एउटा दृष्टिकोणका साथ सुशासनको प्रत्याभूत आम जनतालाई गराउन सकेका खण्डमा राजतन्त्रका विरुद्धमा जनमत बढ्दै जाने कुरा पक्का छ । सडकमा कुर्लेर राजतन्त्रको बारेमा वकालत गर्नेहरु पूर्वराजालाई एक्लो पारेरै भए पनि टाउको लुकाएर नेपथ्यको कुनातिर टाप कस्नेछन् । त्यसैले आज विश्वास गरेकाहरुले नै भोलिका दिनमा धोका दिने हुन् भन्ने कुरामा पूर्वराजा निश्चित हुन जरुरी छ । पूर्वराजा हुन् कि गणतन्त्रवादी शासक जोसुकै हुन्, उनले एक्लै शासन चलाउने पक्कै होइनन् ।

सहयोगीहरुको भरोसा र विश्वासमा शासन चल्ने हो । तर शासक स्वयं नै सहयोगीलाई खराब कर्म गर्ने सल्लाह र सुझाव दिन्छ भने सहयोगीका तर्फबाट हुने गरेको विश्वासमा पनि क्रमश: घात-प्रतिघात हुन थाल्छ । यति भइसकेपछिका दिनमा सुशासनको चुकुल खुस्कँदै जान थाल्छ र अन्त्यमा सुशासन दिन आएको शासक कुशासकमा परिणत हुनुका साथै सुशासनको स्थान कुशासनले लिन पुग्छ । गणतन्त्रका रहरले बनेका र बाध्यताले बनेका दुवै खालका शासकले कुनै पटकको बैठकमा पनि देशको उन्नति यसरी गर्ने, जनताका भलाइका लागि यस्ता काम गर्ने भन्ने खालका बुँदा उठान र बैठान गरेको पाइएन । तिनको बैठकको मूल विषय भनेको अर्थोपार्जन कसरी गर्ने र आम जनतालाई कसरी लुट्ने ? भन्ने कुराको पेरिफेरिमा मात्र सीमित रहन पुग्यो । शासकको यस नालायकी हर्कतले गर्दा आम कार्यकर्ताको ऊप्रतिको विश्वास क्रमश: टुट्दै जान थाल्यो । आजका दिनमा त्यसैको नतिजा सार्वजनिक हुँदै छ । फलाना शासकले यति धन लुटेको छ भनेर उसै शासकका बफादार ठानिएका कार्यकर्ता चिच्याउन र शासकका खराब हर्कतका पोल खोल्न थालेका छन् ।

यस्तो विषम अवस्थामा शासक ती पोल खोल्ने कार्यकर्तालाई दमन गरेरै भए पनि दबाउन खोज्छ तर ऊप्रतिको विश्वास हराइसकेका कारण कार्यकर्ता शासकलाई टेर्दै टेर्दैनन् । अबका दिनमा शासक र उसका कार्यकर्ताको पोल खोलाइको वा रहस्य खोलाइको आश नराखेरै भए पनि स्वार्थरुपी द्रवले फदय भरिएको शासकलाई निर्ममताका साथ कत्लेआम गरेरै भए पनि कम्तीमा निर्लोभी शासकको चयन गर्नु र उसैमार्फत निर्लोभिताको आडमा शासन चलाउने तरिकाको विकास नगरी नहुने भएको छ ।

हाल शासनमा असफल भएर पनि बेतुकका गफ चुटी शासनको आयु लम्ब्याउने धुनमा लागेका शासकलाई हटाएर निर्लोभीपनाले भरिएको शासकको खोजीमा लाग्नुपर्ने कुरा अपरिहार्य आवश्यकता बन्ने रहेछ । यति भएरै पनि यति धेरै वर्षको सत्ताको भोगाइ र त्यसका सकारात्मक असरका बारेमा आम जनताका दिमागभित्र समेत यसबारेमा कौतुहलता जाग्नु स्वाभाविक हो । चाहे राजतन्त्र वा गणतन्त्रका जोसुकै शासक किन नहुन्, लोभ र पापले दिमाग नभरिएका कोही पनि छैनन् । भनिन्छ, गणतन्त्रमा धेरैले लुटे तर राजतन्त्रमा थोरैले मात्र लुट्ने मौका पाउँछन् र आर्थिक उन्नति अलि बढी हुन्छ । तर गणतान्त्रिक व्यवस्था स्थापित हुनुअघि पनि राजतन्त्र नै हाबी भएको थियो ।

त्यतिखेर पनि मुलुकको आर्थिक अवस्था डामाडोल अवस्थाबाटै गुज्रेको थियो । गणतान्त्रिक राजनीतिक व्यवस्थालाई फालेर राजतन्त्र स्थापना गर्दैमा सबै ठीक हुन्छ भन्ने निश्चित कसैले गर्न सक्ने विषय होइन । भोलिका दिनमा यदि राजतन्त्र स्थापना भएछ र जनताका दु:ख-पीडाका घाउमा कतैबाट पनि उपचारको मलहम लाग्न सकेन भने दिक्क भएर फेरि हामीले राजतन्त्र फाली गणतन्त्रको स्थापनार्थको कर्ममा लाग्न बाध्य बन्नुपर्ने हुन्छ । त्यसकारण भन्न सकिन्छ कि गणतन्त्रको सट्टामा राजतन्त्र किमार्थ पनि स्थापना हुन सक्ने अवस्था बन्दैन अनि बन्न सक्नु पनि हुँदैन ।

आम नेपाली जनताको प्रतिक्रियात्मक सामूहिक आवाज सुन्ने हो भने राजतन्त्र आए पनि, स्थापित भइसकेको गणतान्त्रिक व्यवस्था कायम रहे पनि हामीलाई फरक पर्नेवाला छैन । यस्ता निराशाले भरिएका आवाज मात्र सुन्न पाइन्छ । यसै कारण भन्न सकिन्छ कि गणतान्त्रिक शासन व्यवस्थाको सट्टामा राजतन्त्र (सक्रिय वा निष्क्रिय जस्तोसुकै होस्) देशको माटो र आम जनताको इच्छा गणतन्त्रकै रटानमा रहेको छ । *(साभार: न्यूज अफ नेपाल)*

# सिंहदरबारको 'बजेट जात्रा' नरोके बन्दैन समृद्ध नेपाल

✍कृष्णप्रसाद सापकोटा

संघीय सरकारलाई आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट बनाउने चटारो छ । अर्थ मन्त्रालयले बजेट निर्माणका लागि कमिटी बनाइसकेको छ । अर्थले मन्त्रालयहरू एवं सार्वजनिक निकायहरूमा बजेट निर्माण सम्बन्धी निर्देशनात्मक बुँदाहरू पनि पठाइसकेको छ । राष्ट्रिय योजना आयोगले १९ खर्ब ६५ करोडको बजेट सिलिङ अर्थ मन्त्रालयलाई उपलब्ध गराए बमोजिम अर्थले सम्बन्धित मन्त्रालयहरूको बजेट सिलिङ समेत उपलब्ध गराइसकेको छ । मन्त्रालयहरूले पनि चालु आवको बजेट र कार्यालयहरूमा रहेका कार्यक्रमका बजेट समीक्षा गरी मन्त्रालय सम्बद्ध निकायहरूको बजेटको सीमा उपलब्ध गराइसकेको छ । मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायले योजना आयोगको १६औं योजनाले निर्दिष्ट गरेका कार्यक्रम, चालु कार्यक्रम र मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने नयाँ कार्यक्रमहरू सहित कर्मचारीले आ-आफ्नै कार्यालयको बजेट निर्माण गर्दैछन् ।

दशकौंदेखि बजेट माग्नेहरूले बजेटको अख्तियारी बोकेर बसेका व्यक्तिहरूसँग बजेट माग गर्ने र बजेट दिन सक्ने वा बजेट विनियोजन गर्न सक्ने हैसियत बोकेको राज्यको अख्तियारी प्राप्त व्यक्तिले दिने परम्परागत बजेट निर्माण प्रक्रिया अन्तर्गत राज्यको बजेट माग गर्नेले आफूले चिनेका वा सम्पर्कमा रहेका मन्त्री वा सचिव वा सहसचिव वा कार्यालय प्रमुख वा शाखा अधिकृत र सबैलाई भेटेर आ-आफ्नो टोल, वडा, गाउँपालिका, नगरपालिका र जिल्ला विकास आयोजना सम्बन्धी कार्यक्रमका लागि चिर्कटोमा लेखेर एवं मौखिक नोट गराएर बजेट माग गर्न चैत तथा वैशाख महिनामा सिंहदरबारमा संघिय सांसद, मुख्यमन्त्री, प्रदेशका मन्त्री, प्रदेशका सांसद, नगरपालिकाका मेयर/उपमेयर, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य, नेपाल सरकारका सहसचिवहरू, संवैधानिक निकायका प्रमुख एवं सदस्य, नेपाल सरकारका भूतपूर्व सचिव, संवैधानिक निकायका भूतपूर्व पदाधिकारी, नेपाली सेना तथा नेपाल प्रहरीका उपल्लो तहका कर्मचारी एवं भूतपूर्व कर्मचारी, व्यापारिक समूह, पत्रकार, विभिन्न संघसंस्था, मठमन्दिरका अध्यक्ष र विभिन्न मन्दिरमा बस्ने साधुसन्तको लर्को सिंहदरबारका विभिन्न विकासे मन्त्रालयमा देख्न सकिन्छ । त्यस्तै लर्को जेठ महिनामा प्रदेश सरकार एवं प्रदेश सरकार अन्तर्गतका मन्त्रालयमा पनि देख्न सकिन्छ ।

आ-आफ्नो मन्त्रालयको बजेट बनाउने क्रममा 'आफ्नै हात जगन्नाथ' भने जस्तै सरकारी कर्मचारी पनि आ-आफ्नो गाउँटोलको आयोजना राख्न भूमिका बनाउँदै योजना छिराउन सम्बन्धित स्थानीय सरकारका प्रमुखलाई तताइरहेका हुन्छन् । मन्त्रालयमा मन्त्रीलाई भेट्न आउने व्यक्ति, विभिन्न डेलिगेसन, नेता, केन्द्रदेखि वडासम्मका जनप्रतिनिधिले बुझाएका बजेट मागका मागपत्रलाई मन्त्रीको तोक लगाइ फाइलिङ गरेर राख्न मन्त्रीका स्वकीय सचिवहरूलाई पनि उत्तिकै भ्याइनभ्याइ भएको हुन्छ । १५ वैशाखसम्म पुग्दा मन्त्रीको सचिवालयमा टिपाइएका आयोजनालाई मन्त्रीका स्वकीय सचिवहरूले छुट्टै बजेट रिपोर्ट तयार गर्दा मन्त्रालयलाई छुट्याइएको बजेट सिलिङभन्दा धेरै रकमका आयोजना जम्मा भएका हुन्छन् ।

मन्त्रीकोमा पनि छुटाउनै नहुने आयोजना भनेर विशेष आयोजना सूची आफ्नो संसदीय दलका नेता, पार्टीका प्रमुख नेता, प्रमुख सचेतक र अत्यन्त कोर कार्यकर्ताको त्यति नै महत्त्वपूर्ण आयोजनाको थुप्रो लागिसकेको हुन्छ । संघीय सांसदले पनि अर्थमन्त्री भेटेर आफूले 'मिसन ८४' मा जित्न राख्नैपर्ने आफ्नो क्षेत्रका आयोजनाको सूची अधिकांश सांसदले टिपाइसकेका वा बजेट मागपत्र थमाइसकेका हुन्छन् । मन्त्रीहरूले आ-आफ्ना मन्त्रालयको बजेट निर्माण टिमसँग बजेटको प्राप्त सिलिङ र बजेट व्यवस्थापनको विषयमा अत्यन्त घनिभूत छलफल हुँदा सुरुमा सचिवबाट मन्त्रीलाई प्राप्त बजेट सिलिङ अन्तर्गत चालु कार्यक्रमलाई बजेट ठिक्क हुने र नयाँ कार्यक्रम राख्न थप बजेट अर्थ मन्त्रालयसँग माग गर्नुपर्ने राय पेस हुन्छ ।

विशेषगरी विकासे मन्त्रालयका मन्त्रीलाई नयाँ आयोजनामा बजेट विनियोजन गरी आफ्नो निर्वाचन क्षेत्र एवं पार्टीका निर्वाचन क्षेत्र जित्ने सुनिश्चित कसरी गर्ने भन्ने चिन्ताले पिरोल्न थाल्छ । अधिकांश मन्त्रीले आफ्नो मन्त्रालयका सचिव सहित अर्थमन्त्री भेटेर बजेट सिलिङ बढाउन अनुरोध गर्छन् । अब अर्थमन्त्रीलाई बजेटको सिलिङ बढाउने ठूलो दबाब पर्न जान्छ र अन्तत: ४०/५० अर्ब बजेटको सिलिङ बढाएर सबै विकासे मन्त्रालयलाई थप बजेट सहित सिलिङ अर्थ मन्त्रालयबाट पठाइन्छ ।

मन्त्रालयहरूमा मन्त्रीले सचिव सहित बजेट निर्माणको कोर टिमको बैठक राखेर मन्त्रीको सचिवालयले तयार पारेको बजेटमा समेट्नुपर्ने आयोजना सूची र अंकसहित छुट्टै बजेट रिपोर्ट मन्त्रालयको एलएमबीआईएसमा प्रविष्ट गराउन सचिवलाई थमाइन्छ । उक्त सुची र अंक हेरि सकेपछि चालु आयोजना सम्पन्न गर्न लाग्ने बजेट कटौती गरी मन्त्रीबाट थमाइएका आयोजनामा सूचीकृत गर्न कर्मचारीहरू आफ्नो कार्य जिम्मेवारी पूरा गर्न तल्लिन हुन्छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन र नियमावलीले मन्त्रालय अन्तर्गतका आयोजना छनोट गर्ने अधिकार मन्त्रीमा निहित गरेका कारण मन्त्रीले थमाएको सूची बमोजिम बजेट निर्माण गर्नु कर्मचारीको कर्तव्य हुन जान्छ । कहिलेकाहीँ सचीवहरूले बजेट निर्माणमा आवश्यक लचकता प्रस्तुत गर्न नसक्दाको समयमा कतिपय मन्त्रालयमा सचिव हेरफेर हुने अवस्था आउँछ । यसरी नेता, कार्यकर्तादेखि साधुसन्तसम्मले उपलब्ध गराएका योजनाको प्राविधिक, आर्थिक, वातावरणीय, सामाजिक, कानुनी मूल्यांकनको कुरा त परै जाओस्, आयोजनाको पूरा नामसहित बजेट निर्माण गर्न पनि मन्त्रालयहरूलाई हम्मे परेको हुन्छ ।

यस्तै 'बजेट जात्रा' बाट बनेको गत आव २०८१/८२ का केही विकासे मन्त्रालयका नीति कार्यक्रम र बजेट समीक्षा गर्दा सहरी विकास मन्त्रालयको नीति तथा कार्यक्रममा उल्लेख भएका ७ वटा नीतिमध्ये ४ वटा नीति आंशिक रूपमा मात्र कार्यान्वयन भएको र ३ वटा कार्यान्वयन नै नभएको देखिन्छ । मन्त्रालयको बजेट एवं कार्यक्रममा भोटर आयोजना ७ हजार भन्दा माथिको संख्यामा छन् र आयोजनामा विनियोजन गरिएको रकम न्यूनत्तम १ लाखसम्म छ । त्यस्तै खानेपानी मन्त्रालयको नीति तथा कार्यक्रममा उल्लेख भएका ५ वटा नीति आंशिक रूपमा मात्र कार्यान्वयन भएको देखिन्छ । मन्त्रालयका बजेट एवं कार्यक्रममा भोटर आयोजना संख्या ३ हजार ४ सयभन्दा माथि छ भने ३ करोडभन्दा माथिका जम्मा ९५ आयोजना छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नीति तथा कार्यक्रममा उल्लेख भएका १० वटा नीतिमध्ये ८ मध्यम रूपमा कार्यान्वयन भएका र दुइटा कार्यान्वयन नै नभएको देखिन्छ । मन्त्रालयको बजेट तथा कार्यक्रममा रहेका जम्मा ३ हजार ४ सय ८४ कार्यक्रममध्ये ३ हजार ८० भोटर आयोजना छन् भने ४ सय ४ वटा ३ करोडभन्दा माथिका आयोजना छन् ।

साना खुद्रे भोटर आयोजना संख्या बढेसँगै देशभरि सम्पन्न हुन नसकेका र बिरामी आयोजना संख्या वर्षैपिच्छे बढ्दै गइरहेका छन् । आयोजना संख्या धेरै भएकाले खरिद प्रक्रिया एवं मूल्यांकनमा समय धेरै लाग्ने भएकाले पूँजीगत खर्च गर्न नसक्ने अवस्था सिर्जना भएको छ भने भएको कामको पनि अनुगमन र गुणास्तर नियन्त्रण गर्न कर्मचारी हम्मे छ । खुद्रे भोटर आयोजना कार्यान्वयन गर्न कर्मचारी अपुग भएको अवस्था देखाइ कर्मचारी संख्या वृद्धि गर्न मन्त्रालयहरू संगठन संरचना प्रतिवेदन नेपाल सरकारको स्वीकृतिमा लागिपरेको देखिन्छ ।

संघीय सरकारका मन्त्रालयहरू जस्तै प्रदेश सरकारका मन्त्रालय र स्थानीय सरकारमा पनि खुद्रे भोटर आयोजनाको बजेट जात्रा अझ हेर्न लायक छ । अन्तत: खुद्रे भोटर आयोजनाले नेताहरूलाइ चुनाव जित्ने आधार त बन्ला, तर देश एवं जनताले हार्नेछन् र दीर्घकालीन रूपमा देशले समृद्धिको बाटो समात्न सक्दैन । राष्ट्रिय गौरवका आयोजना र विभिन्न बहुराष्ट्रिय बैंकको ऋण अनुदानमा विनियोजन गरिएको बजेट बाहेक अधिकांश बजेट भोटर आयोजनामा विनियोजन हुने हुँदा बजेट कनिका छराइ हुन गएको छ ।

राष्ट्रिय गौरवका आयोजनालाई खरिद गुरुयोजनाले माग गरे बमोजिम बजेट विनियोजन गरी समयमा सम्पन्न गर्न नसक्दा कतिपय आयोजना जीर्ण बन्ने र सिँचाइजस्ता आयोजनाको लक्षित सिँचाइ क्षेत्र सहरी विकासले ढपक्कै छोप्ने अवस्था सिर्जना भएको छ । यसरी अन्धाधुन्द मन्त्रालयहरूबाट हुने आयोजना छनोटको सामन्जस्य समृद्ध नेपाल निर्माणसँग कत्ति पनि मेल खाँदैन । कर्मचारीलाई बजेट निर्माणदेखि नै दिक्क लागेर समृद्ध नेपालको सपना नेपालका अधिकांश कर्मचारीले देख्न छाडिसकेका छन् ।

(साभार: अनलाइनखबर)

# भाजपा नेता आदित्यनाथ किन नेपालमा राजा फर्काउन चाहन्छन् ?

काठमाडौं/अक्टोबर २०१६ मा, उत्तर प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त हुनुभन्दा केही महिनाअघि आदित्यनाथ नेपालको राजधानी काठमाडौंमा आयोजित विराट हिन्दू महासम्मेलनमा सहभागी हुन पुगेका थिए । उक्त सम्मेलन दक्षिणपन्थी समूह विश्व हिन्दू महासंघद्वारा आयोजित एक ठूलो हिन्दू सभा थियो ।

नेपालका पूर्वराजा ज्ञानेन्द्र शाहले उद्घाटन गरेको उक्त सम्मेलनले नेपाललाई 'हिन्दू राष्ट्र'को रूपमा पुनर्स्थापित गर्ने विचारलाई समर्थन गरेको थियो । यसको उद्देश्य सन् २००८ मा माओवादी विद्रोह र राजनीतिक अस्थिरतापछि समाप्त भएको नेपालको हिन्दू राजतन्त्र पुनर्स्थापना गर्न जनसमर्थन जुटाउनु थियो ।

मञ्चमा पूर्वराजा ज्ञानेन्द्र शाहसँगै रहेका भारतका तत्कालीन सांसद आदित्यनाथ, नेपाल 'हिन्दू राजा' मुक्त बनाउने 'षड्यन्त्र' भएकोमा चिन्ता व्यक्त गरेका थिए । उनले भनेका थिए, 'हिन्दू राजा विश्वभरका हिन्दूहरूले चिन्ने र सम्मान गर्ने व्यक्तित्व हुन् ।' गोरखपुरको गोरखनाथ मन्दिरका मुख्य पुजारीसमेत रहेका नेता आदित्यनाथले नेपालका जनतालाई शाह राजवंशको शासन परम्पराको पुनरुत्थानमा भूमिका खेल्न आग्रह गरेका थिए ।

आदित्यनाथले नेपालमा २५० वर्षभन्दा लामो समय शासन गरेका शाह राजाहरूका कारण नेपालले स्वतन्त्रता कायम राख्न सफल भएको दाबी गरेका थिए जबकि, छिमेकीहरू औपनिवेशिक शक्तिको कब्जामा रहे । उनले भनेका थिए, 'शाह राजवंश नेपालको एकता र अखण्डताको प्रतीक हो ।'

आदित्यनाथले १७ मिनेट लामो भाषणमा नेपालमा भइरहेको परिस्थितिको तुलना लोकतन्त्रलाई राजतन्त्र वा संवैधानिक राजतन्त्रसँग जोड्न सफल रहेका देशहरूसँग गरेका थिए । 'स्वीट्जरल्यान्ड, बेलायत, थाइल्यान्ड, डेनमार्क, नेदरल्यान्ड्स र जापान जस्ता देशहरूले राजतन्त्रलाई कायम राख्दै लोकतान्त्रिक व्यवस्था अपनाउँदा, हिन्दू धर्म वा हिन्दू जस्तै परम्परा मान्ने ८५ प्रतिशत जनसंख्या भएको नेपालले आफ्नो 'हिन्दू पहिचान' किन बनाउन सक्दैन ?,' आदित्यनाथले प्रश्न गरेका थिए ।

उनले भनेका थिए, 'पृथ्वीनारायण शाहद्वारा निर्माण गरिएको हिन्दू राष्ट्रले अहिले प्रत्येक हिन्दूसँग गुहारिरहेको छ र सोधिरहेको छ, 'के यस्तो गल्ती भयो, जसका कारण नेपालको हिन्दू पहिचान मेटिँदै गएको छ ।' आदित्यनाथले नेपालमा राजतन्त्र समर्थकहरूले प्रायः प्रयोग गर्ने लोकप्रिय नारालाई दोहोर्‍याएका थिए, 'हाम्रो राजा, हाम्रो देश, प्राणभन्दा प्यारो छ ।'

काठमाडौंमा आयोजित उक्त कार्यक्रमले आदित्यनाथको नेपालप्रतिको दृष्टिकोण स्पष्ट पार्छ । आदित्यनाथका लागि नेपाल एउटा हिन्दू राज्य हो- विश्वकै एकमात्र हिन्दू राज्य, जसले लामो समयसम्म राजतन्त्रको इतिहास बोकेको छ । तर लामो राजनीतिक अस्थिरता, माओवादीहरूको उदय र धर्मनिरपेक्ष गणतन्त्रमा परिणत भएको कारण नेपालले क्रमशः आफ्नो हिन्दू सांस्कृतिक पहिचान गुमाउँदै गएको छ ।

काठमाडौंको कार्यक्रममा सहभागिता जनाएको लगभग ९ वर्षपछि हालै काठमाडौंमा राजवादीहरूले आयोजना गरेको एक प्रदर्शनमा भारतीय जनता पार्टीका नेता उनै आदित्यनाथको तस्वीर प्रदर्शन गरिएपछि अन्तर्राष्ट्रिय मिडियामा हलचल मच्चिएको छ ।

विवाद तब उत्पन्न भयो जब काठमाडौंमा राजतन्त्र पक्षधर र्‍यालीमा आदित्यनाथका तस्वीरहरू पूर्वराजा ज्ञानेन्द्रका तस्वीरसँगै देखिए । यो र्‍याली नेपालमा हिन्दू राजा पुनःस्थापित गर्न माग गरिरहेको संगठित अभियानको हिस्सा थियो र पूर्वराजालाई देशको राजधानीमा स्वागत गर्न आयोजना गरिएको थियो ।

सडक प्रदर्शन पूर्वराजाको सार्वजनिक शक्ति प्रदर्शनको अर्को उदाहरण थियो । उक्त र्‍यालीमा



भारतका परिचित हिन्दुत्ववादी नेता र देशकै सबैभन्दा ठूलो जनसंख्या भएको राज्य उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथका पोस्टर देखिएका नभएको भए सम्भवतः यो घटनाले भारतमा त्यति धेरै ध्यानाकर्षण गर्दैनथ्यो ।

काठमाडौंको यस राजनीतिक रूपमा संवेदनशील र्‍यालीमा आदित्यनाथको उपस्थिति आकस्मिक घटना थिएन । वर्षौंदेखि नेपालमा राजतन्त्रको भारतको हिन्दू दक्षिणपन्थी समूहसँग गहिरो राजनीतिक र सांस्कृतिक सम्बन्ध रहेको छ । विशेषगरी गोरखनाथ मठसँगको सम्बन्ध अझ प्रगाढ छ, जसको प्रमुख आदित्यनाथ हुन् ।

सन् २०१४ पछि भारतमा हिन्दू दक्षिणपन्थको उदय भएको समय नेपालमा पनि हिन्दू सांस्कृतिक आवाजहरूको पुनरुत्थान भएको देखिन्छ । तर यसको पृष्ठभूमि अझ गहिरो छ । भारतीय हिन्दू दक्षिणपन्थी समूहहरूको नेपालसँग गहिरो सम्बन्धको इतिहास छ । राष्ट्रिय स्वयंसेवक सैसँग सम्बन्धित भारतीय हिन्दू दक्षिणपन्थी शाखाका रूपमा सन् २०११ मा स्थापित विश्व हिन्दू परिषद नेपाल, नेपाललाई हिन्दू राष्ट्र बनाउने अभियानमा सक्रिय छ ।

गोरखनाथ मन्दिरका उनका गुरुहरू जस्तै आदित्यनाथ लामो समयदेखि नेपालका शाहवंशीय राजतन्त्रका समर्थक र प्रशंसक हुन् । उनले हिन्दू राजतन्त्र पुनःस्थापनाको पक्षमा लगातार आवाज उठाउँदै आएका छन् । रोचक कुरा त, गत वर्ष भारतका एक न्यायाधीशले आदित्यनाथलाई 'दार्शनिक राजा' भनेर प्रशंसा गरेका थिए । आदित्यनाथले नेपाल र उत्तर प्रदेश दुवै स्थानमा हिन्दू एकता र नेपालमा हिन्दू राजाको पुनरागमनको पक्षमा थुप्रै बैठक र कार्यक्रमहरू आयोजना गरेका छन् ।

ज्ञानेन्द्रका तस्वीरहरूसँगै आदित्यनाथका पोस्टरहरू प्रदर्शन गरिनुले कम्युनिस्ट नेतृत्वको सरकारलाई पूर्वराजा र राजतन्त्र समर्थक तथा हिन्दू राष्ट्रवादी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई निशाना बनाउने अवसर प्रदान गर्‍यो । प्रधानमन्त्री केपी शर्मा ओलीले राजतन्त्र समर्थकहरूलाई सरकार अपदस्थ गर्न भारतको समर्थनमा षड्यन्त्र गरेको र देशमा अस्थिरता निम्त्याएको आरोप लगाए । विगतमा जस्तै यस पटक पनि ओलीले नेपालमा राजावादी आन्दोलनमा भारतको भूमिका रहेको आरोप लगाए । ओलीले भने, 'हाम्रा र्‍यालीहरूमा हामी विदेशी नेताका तस्वीरहरू प्रयोग गर्दैनौं ।'

जब यो विवाद विदेशी हस्तक्षेपका आरोपहरूसँग जोडिँदै गयो, राप्रपाले सार्वजनिक रूपमा आदित्यनाथसँग कुनै सम्बन्ध अस्वीकार गर्‍यो । राप्रपा प्रवक्ता ज्ञानेन्द्र शाहीले आदित्यनाथका तस्वीरहरूको प्रदर्शनलाई सरकारको योजनाबद्ध षड्यन्त्र र राजतन्त्र समर्थक अभियानलाई बदनाम गर्ने प्रयास भनेर आरोप लगाए । शाहीले प्रधानमन्त्री ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाललाई षड्यन्त्रको मुख्य योजनाकारको रूपमा आरोपित गरे । रिमालले यी आरोप अस्वीकार गर्दै राप्रपामाथि गलत सूचना फैलाएको आरोप लगाए ।

हिन्दू राष्ट्रवादी र गेरुवस्त्रधारी नेताका रूपमा आदित्यनाथ वामपन्थी विचारधारा र राजनीतिप्रति आलोचनात्मक दृष्टि राख्छन् । विशेषगरी माओवादीप्रतिको उनको घृणा गोरखनाथ मन्दिरका उनका गुरु र पूर्ववर्तीहरूबाट पाएको राजनीतिक बिरासत पनि हो, जसले नेपालमा हिन्दू राजतन्त्रलाई सक्रिय सहयोग गरेका थिए र विश्वको एकमात्र घोषित हिन्दू राष्ट्रको माओवादी अधिग्रहणलाई अस्वीकार गरेका थिए ।

### नेपालको शाह वंश र गोरखनाथ मठ

आदित्यनाथ र उनको मठको शाह राजवंशसँग व्यक्तिगत, सांस्कृतिक र राजनीतिक सम्बन्ध छ । आधुनिक नेपालको उदय गोरखाबाट भएको हो । गोरखाका राजा पृथ्वीनारायण शाहले १८औं शताब्दीमा नेपालका विभिन्न राज्यहरूलाई एकीकृत गर्न अभियान चलाएका थिए । उत्तर प्रदेशको गोरखपुरमा रहेको गोरखनाथ मन्दिरका प्रमुख आदित्यनाथले नेतृत्व गर्ने मठको इतिहास पनि गोरखनाथ नामक हिन्दू सन्तसँग जोडिएको छ, जसलाई नाथ परम्पराका संस्थापक मानिन्छ ।

पृथ्वीनारायण शाहले आफ्नो एकीकरण अभियान सुरु गर्नुअघि गोरखनाथ मठका प्रमुख पुजारीबाट आशीर्वाद लिन व्यक्तिगत रूपमा मठमा गएको विश्वास गरिन्छ । उनका वंशजहरू, जस्तै ज्ञानेन्द्र शाह पनि गोरखपुरस्थित गोरखनाथ मन्दिरमा धार्मिक अनुष्ठानका लागि जाने गर्थे ।

भारत-नेपाल सिमानाको नजिक रहेको गोरखनाथ मन्दिरले नेपालमा सांस्कृतिक र धार्मिक महत्त्व बोकेको छ । गोरखनाथलाई दिव्य सन्तको रूपमा पूजा गरिन्छ र नेपाली धार्मिक मनोविज्ञानमा उनको गहिरो उपस्थिति छ । गोरखनाथ मन्दिरका महन्तका रूपमा योगी आदित्यनाथले पनि विशिष्ट आध्यात्मिक स्थान ओगटेका छन् ।

'योगी आदित्यनाथ भारतमा जति परिचित छन्, त्यति नै नेपालमा पनि छन्, किनभने खासगरी हिन्दू अधिराज्य रहुञ्जेल गोरखनाथलाई नेपालमा प्रमुख देवताका रूपमा मानिन्थ्यो । गोरखपुरस्थित गोरखनाथ पीठ, जुन गोरखनाथपछि स्थापित अघोरीनाथ सम्प्रदायको सर्वोच्च स्थान हो, नेपालका धेरै व्यक्तिहरूका लागि नगईनहुने तीर्थस्थल हो,' नेपाली पत्रकार युवराज घिमिरेले सन् २०१७ मा आदित्यनाथ उत्तर प्रदेशको मुख्यमन्त्री बनेपछि लेखेका थिए ।

नेपालका शाह राजाहरूले आफूलाई विष्णुको अवतारको रूपमा देवत्व प्रदान गर्दै आफ्नो लोकप्रियता कायम राख्न हिन्दुत्वको प्रयोग गरेका थिए । दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका राजनीतिक शास्त्रका प्राध्यापक महेन्द्रकुमार सिंहका अनुसार गोरखनाथ मन्दिरका महन्त दिग्विजयनाथले राजा त्रिभुवनलाई सत्तामा पुनर्स्थापित गर्न मद्दत गरे । दिग्विजयनाथका उत्तराधिकारी अवेद्यनाथ र आदित्यनाथले पनि माओवादीका विरुद्ध राजतन्त्र र हिन्दू राष्ट्रको समर्थन गरे । गोरखपुर क्षेत्रका सबै महन्तहरू दिग्विजयनाथ, अवेद्यनाथ र आदित्यनाथ संसद्मा निर्वाचित भएका थिए र उनीहरू उक्त उत्तर-पूर्वीको केन्द्रको राजनीतिक बहसमा प्रभावशाली बनेका थिए ।

प्राध्यापक सिंहका अनुसार नेपालका राजावादीहरूका लागि आदित्यनाथ भारतीय नेताको प्रतिनिधित्व गर्ने व्यक्तिमात्र नभएर हिन्दू राष्ट्रवादको प्रतिक र सांस्कृतिक गौरवको प्रतीक पनि हुन् ।

योगी आदित्यनाथले नियमित रूपमा नेपाल भ्रमण गरेका छन् भने ज्ञानेन्द्रले पनि विभिन्न अवसरमा उत्तर प्रदेशको निजी भ्रमण गरेका छन् । गत जनवरीमा, ज्ञानेन्द्रले आफ्नो परिवारसँग गोरखनाथ मन्दिरमा पूजा गरे र अवेद्यनाथको समाधिमा श्रद्धाञ्जली अर्पण गरे । मकर संक्रान्तिमा नेपालका राजपरिवारले गोरखनाथ मन्दिरमा खिचडी पठाउने र बदलास्वरूप मन्दिरबाट नेपालमा प्रसाद पठाउने परम्परा अझै जारी छ । सन् २०१८ मा आदित्यनाथ मुख्यमन्त्री बनेपछि उनले ज्ञानेन्द्रलाई आफ्नो सरकारी निवासमा स्वागत गरे र उनलाई अङ्गवस्त्र र कुम्भको प्रतीक चिह्न प्रदान गरे । त्यसै वर्ष आदित्यनाथ जनकपुरको सीताराम विवाह पञ्चमी महोत्सवमा सहभागी हुन नेपाल पनि गएका थिए ।

कूटनीतिमा रुचि देखाउने एसडी मुनीले आफ्नो पुस्तक 'ड्याब्लिङ इन डिप्लोमेसी'मा आदित्यनाथको नेपालमा राजतन्त्र पुनर्स्थापना गर्ने चाहनाबारे उल्लेख गरेका छन् । उनले लेखेका छन्, 'सन् २०१७ मा मैले पुराना चिनजानका एक पूर्व भारतीय गुप्तचर अधिकारीसँग दिल्ली जिमखाना क्लबमा खाना खाएँ । उनले बताए कि, उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ नेपालमा राजतन्त्र पुनर्स्थापना गर्न इच्छुक छन् र मलाई यो अभियानमा समर्थन गर्न सुझाव दिए । मैले स्पष्ट रूपमा जवाफ दिएँ, उनले गलत मानिसलाई गलत विषयमा सम्पर्क गरेका छन् ।'

काठमाडौंका पर्यवेक्षकहरू भन्छन्- भारतको हिन्दू दक्षिणपन्थसँग वैचारिक निकटता राख्ने केही समूहहरू आदित्यनाथका तस्वीरहरू प्रदर्शन गरेर हिन्दू भिडलाई सन्देश पठाउन सक्रिय हुन सक्छन् । तर प्राध्यापक महेन्द्र सिंहका अनुसार त्यस घटनामा कुनै ठूला योजना वा षड्यन्त्र देखिँदैन । 'मलाई लाग्छ यो स्वतःस्फूर्त घटना हो । गोरखनाथ सम्प्रदाय नेपालमा महत्वपूर्ण मानिन्छ, जहाँ राजतन्त्रको अन्त्य र सन् २००१ को दरबार हत्याकाण्ड जस्ता घटनाहरू भए तापनि जनमानसमा हिन्दू राष्ट्रको भावना अझै बाँकी छ,' सिंहले भने ।

नेपालस्थित हिन्दू राष्ट्रवादी पार्टीले आदित्यनाथका तस्वीरहरू अस्वीकृत गरेपछि यो घटनामा उनीहरूको संलग्नता अस्वीकार गर्न सकिने उनको तर्क छ । 'यो हिन्दू राष्ट्रका लागि भएको भावनात्मक प्रतिक्रियाजस्तो हो । भारतबाट आएका शक्तिशाली व्यक्ति, जस्तो कि योगीजी, मात्र उनीहरूको मद्दत गर्न सक्छन् भन्ने उनीहरूलाई लागेको हुनसक्छ' सिंहले भने ।

काठमाडौंका राजनीतिक विश्लेषकहरू अझै पनि राजतन्त्र पुनःस्थापनाको यो धक्का वास्तवमै पूर्वराजाको राजनीतिक करिअर सुरु गर्न र उनलाई कम्युनिस्ट नेताहरूको विकल्पको रूपमा एक लोकप्रिय हिन्दू राष्ट्रवादी व्यक्तित्व बनाउने रणनीति थियो वा थिएन भन्नेमा बहस गरिरहेका छन् ।

सिंहका अनुसार, ज्ञानेन्द्रसँग उनको लोकप्रियता, शासकको हैसियतमा रहेको बिरासत र हिन्दू पहिचानका कारण उनलाई हिन्दू राष्ट्रवादीहरूका प्रतिनिधिका रूपमा अगाडि सार्न र माओवादीको विकल्पका रूपमा प्रस्तुत गर्न आवश्यक सबै विशेषता छन् ।

### आदित्यनाथको नेपाल अवधारणा

आदित्यनाथको नेपाल सम्बन्धी दृष्टिकोण उनको आफ्नै लेखनबाट बुझ्न सकिन्छ, यसबारे केही सामग्री अझै पनि उनको व्यक्तिगत वेबसाइटमा उपलब्ध छन् । आदित्यनाथले नेपाल र भारतलाई एउटै धर्म, संस्कृति, रगत, जात र सामाजिक प्रणाली बाँड्ने दाजुभाइको रूपमा लिन्छन् ।

यूपीए शासनकालमा लेखिएको 'नेपालमा भारतको विरोध' शीर्षकको एउटा लेखमा आदित्यनाथले नेपालमा माओवादीको उदयले भारत र नेपालबीच दरार ल्याउन सक्छ भनी चिन्ता व्यक्त गरेका थिए । उनले माओवादी नेपाललाई चीनको उपनिवेश बनाउन आतुर भएको आरोप लगाए ।

आदित्यनाथका अनुसार, नेपालको एकता र सार्वभौम सत्ताको प्रतीक मानिने 'हिन्दू पहिचानलाई जिस्क्याउनु' र राजतन्त्रको अन्त्य गर्नलाई उक्त दिशामा लिइएको कदम हो । अर्को लेख 'नेपालमा हुन्छ चीरहरण' मा आदित्यनाथले तर्क गरेका छन्- जब नेपाल एक हिन्दू राष्ट्र र हिन्दू राजा थिए, न त कम्युनिस्टहरूले आफ्नो खेल खेल्न सक्थे, न त इस्लामिक आतंकवादीहरूले नाङ्गो नाच्न सक्थे, न त क्रिश्चियन मिसनरीहरूले नेपालको बहुसंख्यक हिन्दू जनसंख्यालाई स्वतन्त्र रूपले धर्म परिवर्तन गर्न सक्थे ।

उनले नेपालमा धर्म निरपेक्षताको व्यवस्थाबारे गुनासो गर्दै भनेका छन्- तर राजतन्त्र हटाएपछि र माओवादीहरूले सत्ता सम्हालेपछि यी शक्तिहरू षड्यन्त्रमा संलग्न भए । महेन्द्र सिंहले आदित्यनाथ नेपालमा राजतन्त्रको पक्षधर हुनु केवल एक अवधारणा नभएर नेपाली शासकहरूको अनौठो पृष्ठभूमि र सन्दर्भका कारण रहेको बताउँछन् । किनकि, उनीहरू हिन्दू सांस्कृतिक राजतन्त्रवादी र गुरु गोरखनाथका अनुयायी छन् ।

आदित्यनाथ र उनका पूर्ववर्ती दुवैले संविधानिक राजतन्त्रको सिफारिस गरेका थिए । उनीहरूले राजालाई बेलायत र भुटान जस्तो एकता कायम राख्ने तत्वको रूपमा हेर्ने गरेका थिए,' उनी भन्छन् । 'मन्दिर सधैं कम्युनिस्टहरूको विपक्षमा थियो र दिग्विजयनाथदेखि आदित्यनाथसम्म स्पष्ट रूपमा राजतन्त्रको पक्षमा थिए । तर योगी आदित्यनाथ नेपालका मामिलामा हस्तक्षेप गर्न चाहँदैनन्,' सिंहले भने ।

### नेपाल र हिन्दु राष्ट्र

आदित्यनाथको साम्प्रदायिक राजनीतिमा आधारित चर्चित डकुमेन्ट्री स्याफ्रन वार सह-निर्देशन गरेका राजीव यादवका अनुसार नेपाल सधैं हिन्दू राष्ट्रको कल्पनामा महत्त्वपूर्ण केन्द्र रहँदै आएको छ । 'जब माओवादीले राजतन्त्रलाई फ्याँकिदिए, हिन्दू राष्ट्र र हिन्दुत्वको परियोजनाले गहिरो वैचारिक क्षति बेहोर्नुपर्‍यो,' यादव भन्छन् । त्यसयता, नेपाल र भारतका हिन्दूवादी समूहहरूले हिन्दू शासन पुनर्स्थापित गर्ने प्रयास गर्दै आएका छन् । स्याफ्रन वारमा आदित्यनाथको नेपालमा राजतन्त्र पुनर्स्थापनाका प्रयास र माओवादीहरूप्रति उनको वैचारिक विरोधलाई पनि उजागर गरिएको छ । सन् २००६ मा गोरखपुरमा आयोजित विराट हिन्दू सम्मेलनमा भारत र नेपालका प्रखर हिन्दुत्व समर्थक नेताहरू, विश्व हिन्दू महासंघका तत्कालीन अध्यक्ष भरतकेशर सिंह पनि सहभागी भएका थिए ।

यादवका अनुसार, आदित्यनाथले राजतन्त्रको समर्थन गर्दै आफ्नो मठको 'वैचारिक विरासत'लाई अगाडि बढाएका छन् । माओवादीको उदयले गोरखनाथ मन्दिरजस्ता मठहरूको नेपालमा रहेको जग्गा र सम्पत्तिमा समेत चुनौती खडा गरेको यादवको विश्लेषण छ ।

(स्रोत: अनलाइनखबर)

# पल र नीतिको 'मोहर' साउन २३ मा आउने निश्चित

काठमाडौं/अभिनेता पल शाहको अभिनेत्री द्वय बेनिशा हमाल र नीति शाहसँग जोडी बाँधिएको नयाँ फिल्म 'मोहर' नेवार समुदायले मनाउने गाईजात्राको छेको पारेर प्रदर्शनमा आउने भएको छ । आगामी साउन २५ गते परेको गाईजात्राको विदालाई लक्षित गर्दै साउन २३ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको छ । अहिलेसम्म उक्त मिति अरु फिल्मले रोजेका छैनन् ।

पलका लागि 'मोहर' सफल हुनैपर्ने दबाब छ । किनकि, यस वर्ष आएका उनका तीन फिल्ममध्ये 'रावायण' र 'मायावी' सफल हुन सकेनन् । जसले गर्दा उनको करिअर नै संकटमा परेको छ । 'मोहर' सफल भएको खण्डमा उनलाई ठूलो राहत मिल्नेछ । छायांकनको क्रममा टिकटकमा बाहिरिएका भिडियोबाट उनी फिल्ममा प्रहरीको भूमिकामा रहेको खुलासा भइसकेको छ ।

ओम प्रतिकको निर्देशनमा तयार भएको फिल्ममा अर्जुन जंग शाही मिथिला शर्मा, लक्ष्मी गिरी,




रविन्द्र झा लगायतको पनि अभिनय छ । यो निर्देशक प्रतिकको ७ वर्षपछिको कमब्याक फिल्म हो । उनी निर्देशित पछिल्लो फिल्म 'बटर फ्लाई' सन् २०१८ मा रिलिज भएको थियो । त्यसअघि उनले 'यो कथा हो तिम्रो मेरो', 'फर्की आउँ' जस्ता फिल्म निर्देशन गरेका थिए ।

निर्देशक प्रतिक स्वयंको लेखन तथा दिपेन बस्न्यातको छायांकन रहेको फिल्मका निर्माता चुम्बन जंग शाही हुन् । दाङ, प्युठान, रोल्पा, अर्घाखाँची लगायतका ठाउँमा छायांकन भएको फिल्ममा सुरेश अधिकारी र एसडी योगीको संगीत तथा कुमार महर्जनको द्वन्द्व निर्देशन छ । मोहरको अर्थ पचास पैसाको सिक्का भन्ने हुन्छ । यसले फिल्मको कथा पाँच दशकअघिको हुनसक्ने बुझाउँछ ।

# 'शुभ लभ' निर्देशक लोहनी बोर्ड सदस्यमा नियुक्त

काठमाडौं/नेपाली फिल्म क्षेत्रको सर्वोच्च संस्था चलचित्र विकास बोर्डको सदस्यमा 'शुभ लभ'का निर्देशक सन्तोष बाबु लोहनी नियुक्त भएका छन् । रिक्त रहेको दुई सदस्यमध्ये एक पदमा उनलाई तालुकवाला निकाय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट दुई वर्षका लागि नियुक्त गरेको हो । उनले सूचना मन्त्री पृथ्वीसुब्बा गुरुङबाट बिहीबार नियुक्ति पत्र बुझेका छन् ।



अघिल्लो साता दुई सदस्य केएल बुढाथोकी र रवि अधिकारीको कार्यकाल सकिएपछि सत्तामा रहेका दुई पार्टी एमाले र कांग्रेस निकट केही फिल्मकर्मीले बोर्ड सदस्य बन्न राजनीतिक लबिङ सुरु गरेका थिए । त्यसमा एमाले निकट लोहनीले बाजी मारेका हुन् । उनको सञ्चार मन्त्री गुरुङसँग राम्रो सम्बन्ध रहेको बताइन्छ । उनीहरु दुवैको गृह जिल्ला लमजुङ हो ।

अब बोर्ड सदस्यमा एकजना नियुक्त हुन बाँकी छ । त्यसमा सत्ता साझेदार पार्टी कांग्रेसको कोटाबाट नियुक्ति हुने प्रवल सम्भावना छ । चलचित्र विकास बोर्ड र चलचित्र जाँच समिति (सेन्सर बोर्ड)मा राजनीतिक नियुक्ति हुने गरेको छ । जुन पार्टी सरकारमा हुन्छ, त्यही निकट फिल्मकर्मीलाई दुवै संस्थाको रिक्त पदमा नियुक्त गरिन्छ । अहिलेका बोर्ड अध्यक्ष दिनेश डिसी एमाले कोटाका हुन् ।

# प्रकाश भन्छन्, 'जातीय विभेदको विषयमा बहस हुनुपर्छ, फिल्म बन्नुपर्छ'

काठमाडौं/गायक तथा अभिनेता प्रकाश सपूतले गीतमार्फत राज्य र समाजलाई प्रश्न गर्दै आइरहेका छन् । उनका गीतमा व्यवस्था परिवर्तन भएर पनि जनताको अवस्था परिवर्तन नभएको यथार्थदेखि जातीय विभेदसम्मको चित्रण भेटिन्छ । तर, कतिपयले उनलाई जातीय मुद्धा मात्र बेचिरहेको आरोप लगाउँछन् । उनले पहिलो निर्देशकीय फिल्म 'वसन्त'मा पनि जातीय विभेदकै विषय उठाएका छन् ।

बिहीबार पत्रकार भेटघाट कार्यक्रममा उनलाई सोधियो, 'जातीय विषय मात्र कति उठाएको भन्नेहरुलाई के जवाफ छ ?' उनले यो तर्क सान्दर्भिक नरहेको बताए । उनलाई अझै जातीय विभेदको विषयमा फिल्म बन्न जरुरी छ भन्ने लाग्छ । तर, यो विषय कसरी उठाउने भन्ने चुनौती चाहिँ रहेको उनको भनाइ छ । उनी अब समाधानसहित विषय उठाउन आवश्यक रहेको देख्छन् ।

प्रकाश भन्छन्, 'जातीय विभेदको मुद्धा कसरी उठाउने भन्ने चुनौती चाहिँ छ । अब हामीले त्यो समयलाई देखाउँदै उठाउने कि विभेद अन्त्यका लागि के हुन सक्ला भनेर समाधान र चेतनासहितको शैलीमा उठाउने भन्ने बहसको विषय हुनसक्छ । तर, जातीय विषयमा कति कुरा गर्ने, कति फिल्म र गीत बनाउने भन्ने तर्क चाहिँ सान्दर्भिक छैन । यो विषयमा त बहस भइरहनुपर्छ । कोही व्यक्तिले जातीय विभेद भोगेको छैन भन्ने कुराले मात्र अर्थ राख्दैन । समग्रमा हाम्रो देश र चेतनामा त्यो कुरा छ कि छैन भन्ने हो ।'

उनले हालै सिराहामा महायज्ञ गर्न दलितको उठिबास लगाइएको घटना स्मरण गर्दै अगाडि भने, 'जसरी महायज्ञ लगाउने भन्दै दलितको घर भत्काइयो र त्यो ठाउँ अपवित्र छ भन्दै दुई फिट खनियो, त्यो सुन्दा म रातभरि सुत्न सकिनँ । आखिर मेरो घर त खनेको होइन नि ! म काठमाडौंमा राम्रै ठाउँमा बसेको छु । अहिले मैले विभेदको अनुभव पनि गरिरहेको छैन । तर, सिराहाको घटनाले मलाई अपमानित महसुस हुन्छ । मैले नै त्यो विभेद भोगिरहेको छु भन्ने लाग्छ । त्यही भएर जातीय विभेदको विषयमा बहस भइरहनुपर्छ । गीत र फिल्म बनिरहन जरुरी छ ।'

प्रकाश अब विभेदका कुरा मात्र देखाउने कि विभेद अन्त्यका लागि यो हुनुपर्छ भनेर अर्को समाज खडा गर्ने भन्नेमा चाहिँ अन्योल देखिन्छन् । भन्छन्, 'अब हामीले परिवर्तनका सृजनाहरु गर्दा कसरी गर्ने ? त्यो समाजलाई चित्रण मात्र गर्ने कि त्यसलाई अलि परसम्म पुर्‍याएर छाड्ने तरिकाले गर्ने ? मैले विभेदका कुरा चित्रमा देखाउने मात्र हो कि अब विभेद अन्त्यका लागि यो हुनुपर्छ भनेर अर्को समाज खडा गर्ने ? सर्जक भएको हिसाबले म यो विषयमा सोच्छु र कहिले काहीँ 'कन्फ्युज' पनि हुन्छु ।'

उनी आगामी सृजना भने प्रगतिशील भएर बनाउने योजनामा छन् । 'आगामी सृजनामा अलि प्रगतिशील भएर ड्याङ यस्तो समाज हुनुपर्छ भनेर अर्को समतामूलक समाजको निर्माण गरेर देखाउने प्रयास हुनेछ,' उनले भने । 'वसन्त'सम्म आइपुग्दा आफूले भोगेको अनुभवलाई उतारेको र यसमा आफू धेरै हदसम्म टकटकिएकाले अब प्रगतिशील भएर अर्को समाज खडा गर्ने गरी सृजना बनाउने उनी बताउँछन् । तर, समाजमा विभेद रहेसम्म यो विषय उठाउन नछाड्ने उनको अठोट छ ।

यही चैत २२ गतेबाट प्रदर्शनको तयारीमा रहेको 'वसन्त'मा प्रकाशले २०६२/६३ सालको परिवेशमा रहेर जातीय विभेदको कथा उठाएका छन् । यसमा उनी आफैं मुख्य भूमिकामा छन् । उनको जोडी स्वस्तिमा खड्कासँग बाँधिएको छ । फिल्ममा प्रभात पल ठकुरी, श्री शिभान्सी, उर्मिला लाम्गादे, खड्क बहादुर पुन (खबपु), अनुप बराल, कमलमणी नेपाल लगायतको पनि अभिनय छ ।

(स्रोत: फिल्मीखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# लागूऔषधको नशामा देवरले भाउजुको हत्या गरेको खुलासा



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ लागूऔषध सेवन गरी नशाको तालमा हेटौंडा-१, चौकीटोलमा देवरले भाउजुको हत्या गरेको रहस्य खुलेको छ ।

२२ वर्षीय राहुल दासले बुधबार आफ्नी जेठी भाउजु ३५ वर्षीया गुडिया दासको खुकुरी प्रहार गरी हत्या गरेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरले राहुलसँग लिएको प्रारम्भिक बयान र उनको मेडिकल चेकजाँचबाट उनले लागूऔषध सेवन गरेको पुष्टि भएको छ । 'उनी लागूऔषध सेवनकर्ता रहेछन् । उनले भाउजुको हत्या गरेको स्वीकारेका छन्', जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरीनिरीक्षक ठाकुर प्रसाद सापकोटाले बताए । राहुलले आफूलाई परिवारले घृणाको दृष्टिले हेर्ने गरेको पनि बयानमा बताएका छन् ।

प्रहरी स्रोतका अनुसार उनले लागूऔषध सेवनका लागि भाउजुसँग पैसा माग्ने गरेका थिए । भाउजुले पैसा नदिने र कडाई गर्दा उनले आक्रोशमा खुकुरी प्रहार गरेको देखिएको छ । राहुलले माइलो दाइ २८ वर्षीय रुपेश दासलाई पनि खुकुरी प्रहार गरी घाइते बनाएका थिए । 'राहुलले आफू दाइबाट पनि सुरक्षित नभएको महसुस गरी मार्ने कोसिस गरेको बताएका छन्', प्रहरीनिरीक्षक सापकोटाले भने । घाइते रुपेशको हेटौंडा-१ स्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ । उनको पाखुरामा गम्भीर चोट लागेको छ ।

दासका तीन दाजुभाइमध्ये जेठो रोशन दास रोजगारीको सिलसिलामा ५ महिनाअघि कतार गएका थिए । ३ सन्तानकी आमा गुडियालाई राहुलले खुकुरी प्रहार गरी घरमै हत्या गरेका हुन् । राहुलले गुडियाको टाउकोमा खुकुरी प्रहार गरी मारेर कोठामा उनको शव छोपेर राखेका थिए । बुधबार राति ९ बजेसम्म पनि गुडियासँग सम्पर्क नभएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले घरको बन्द कोठा खोली हेर्दा मृत अवस्थामा शव फेलापारेको थियो । बुधबार राति ९ बजे उनको हत्या भएको प्रहरीले थाहपाए पनि बिहीबार विहान १० बजेमात्र उनको शव पोष्टमार्टका लागि हेटौंडा अस्पताल लगिएको छ ।

'घटनाका कारण परिवार विक्षिप्त भएका छन् । त्यसकारण अन्य विषयमा हामीले अनुसन्धान गरेका छैनौं । राहुलको आफ्नै बुवासँग २ वर्षदेखि बोलचाल नै बन्द भएको रहेछ', प्रहरीनिरीक्षक सापकोटाका अनुसार लागूऔषध सेवनका कारण उनको परिवारमा सम्बन्धन बिग्रिएको प्रारम्भिक अनुसन्धानमा देखिन्छ । हेटौंडामा तरकारी तथा फलफूलको थोक बजारमा दास परिवार फलफूलको व्यवसाय गर्दै आएका छन् ।

# ग्वार्कोमा फ्लाइओभर बन्यो कि ओभरपास ?

काठमाडौं, १४ चैत/ सरकारले ग्वार्को फ्लाइओभरका नाममा बजेट तथा योजनामा समावेश गर्ने संरचनाको नाम र यसको डिजाइन निरन्तर विवादमा छ । विवादबीच सडक विभागले यसको डिजाइन निर्माण कम्पनीसँगको सम्झौता अनुसार नै निर्माण भएको स्पष्टीकरण दिएको छ ।

विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालका अनुसार निर्माण कम्पनीसँग बोलपत्रमा जुन डिजाइन उल्लेख थियो, सोही डिजाइनमा यो संरचना बनेको छ । फ्लाइओभर वा ओभरपास भने पर्यायवाचीका रूपमा भन्ने गरेको विभागको दाबी छ । विभागको स्पष्टीकरणमा छ, 'ग्वार्कोमा निर्माणाधीन संरचनालाई पर्यायवाची रूपमा कसैले फ्लाइओभर वा कसैले ओभरपास भने तापनि कस्तो संरचना निर्माणका लागि निर्णय भएको थियो भन्ने विषय बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट उल्लेख छ ।'

विभागले अगाडि भनेको छ, 'निर्णय एउटा, निर्माण अर्कै भएको छैन, यस सम्झौता बमोजिम निर्माणाधीन संरचना सहरको केन्द्रमा उपयुक्त हुन्छ वा हुँदैन भन्ने विषय व्यक्तिपरक हुन् ।' संसारका क्यौं सहरी क्षेत्रमा यस्ता संरचना बन्ने गरेको दाबी गर्दै विभागले आगामी दिनमा यो संरचनाको अनुभवले थप बहस सिर्जना भने गर्ने स्वीकारेको छ ।

**किन बनाइएको हो यस्तो डिजाइन ?**

ग्वार्को फ्लाइओभरमा भूप्राविधिक प्रविधि प्रयोग गरी निर्माण गरिने पर्खाल (जसलाई मेकानिकल्ली स्टेबलाइज्ड अर्थ (एमएसई) वाल पनि भनिन्छ) प्रयोग भएको छ । सडक विभागका अनुसार एमएसई वाल प्रयोग भएको यो संरचना पूर्णरूपमा पुल निर्माण गरी गरिने संरचनाको तुलनामा धेरै सस्तो पर्छ । तुलनात्मक रूपमा यस्तो संरचना निर्माणको काम छिटो हुन्छ । डिजाइन सुन्दर देखिन्छ ।

विभागले भनेको छ, 'नेपालमा नवीनतम प्रविधि भित्र्याउन सकिने देखिएकै कारण विभागीय निर्णय अनुसार यस किसिमको संरचना निर्माण गर्ने सम्झौता भएको हो ।' यस्तो डिजाइनको पर्खाल नेपालको अर्को फ्लाइओभर नागढुंगा सुरुङमार्गको बलम्बुमा समेत निर्माण गरिएको छ ।

**भत्किएको र नयाँ निर्माण गर्नुपर्ने विषय के हो ?**

सडक विभागका अनुसार ग्वार्को फ्लाइओभर ईपीसी मोडेलमा निर्माण भएको हो । यसको मतलब डिजाइन र निर्माण दुवै काम निर्माण कम्पनीले गर्छ । सम्झौता अनुसार निर्माणपछिको ५ वर्षसम्म संरचनामा क्षति भए कम्पनीले नै पुनर्निर्माण गर्नुपर्छ । डिजाइनमा कुनै त्रुटि देखिए १० वर्षसम्म निर्माण कम्पनीबाटै सच्याउनुपर्ने उल्लेख छ । सोहीकारण यो प्रावधानले व्यवसायीबाट डिजाइन र निर्माण कार्यको गुणस्तरमा लापरबाही नहुने निश्चित गरेको दाबी विभागको छ ।

ग्वार्को फ्लाइओभर ठेक्का सम्झौता र डिजाइनकै क्रममा फ्लाइओभर निर्माण हुने जगको माटो भारबहनमा कमजोर रहेको र क्रमिक दब्ने पूर्वानुमान थियो । सोहीकारण माटोको बारबहन क्षमता बढाउन र प्राकृतिक रूपमा माटोको दब्ने प्रक्रिया पूरा गर्न भविष्यमा आउने भार बराबरको माटो भरेर लामो समय छाड्नुपर्ने थियो ।

यसरी माटो भर्दा उक्त अवधिभरि सर्भिस लेनमा समेत यातायात अवरुद्ध हुने र सम्झौता अनुसार समयमै नसकिने देखिएपछि निर्माण व्यवसायीले अन्तर्राष्ट्रिय विज्ञको परामर्शमा स्टोन कोलमको डिजाइन र निर्माण गरेका थिए । डिजाइनमा पूर्वानुमान अनुसार नै धेरै स्थानमा माटो समान रूपमा दबेको तर सातदोबाटोतर्फको एक भागमा भने असमान रूपले दब्दा प्यानल ४-५ बीचको भागमा ग्याप बढ्न गएको विभागले स्पष्ट पारेको छ ।

'यो कंक्रिट प्यानल कमजोर भएर चर्केको होइन,' विभागले भनेको छ । सातदोबाटोतर्फ दबेको प्यानल झिकेर पुन: जडान गर्न इन्टरलक प्यानल र ओभर ल्याप भएको भागका सबै प्यानल हटाउँदा ४० मिटर खण्ड पुन: जडान गर्नुपर्ने अवस्था आएको विभागले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*


## माघ १७ गतेदेखि सञ्चालनमा


विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै

सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**

- ☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- ☞ नयाँ मोडलको गाडीहरु ।
- ☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- ☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै

सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०

सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


# जनता समाजवादी नेपाल मकवानपुरमा विवाद

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ जनता समाजवादी नेपाल मकवानपुरको जिल्ला अधिबेशनको विषयलाई लिएर विवाद सृजना भएको छ ।

बिधिविधान र बिना जानकारी मनोमानी ढंगले अधिवेशन गर्न लागिएको भन्दै विरोध भएको हो । बिहीबार पत्रकार सम्मेलन मार्फत प्रेस विज्ञप्ति जारी गर्दै जिल्ला अध्यक्ष सोमबहादुर घलानले सशक्त ढंगले आफ्नो गतिबिधि अगाडि बढाइरहँदा पनि केन्द्रीय उपाध्यक्ष विद्युत बज्राचार्यले व्यक्तिगत रिस साँधेर पार्टीलाई जबर्जस्त आन्तरिक विवादमा फसाई लथालिङ्ग पारिदिएको आरोप लगाएका छन् ।

मनोमानीपूर्ण ढंगले व्यक्तिकेन्द्रित हुने अधिवेशनको घोर भत्सर्ना गर्ने प्रेस विज्ञप्तिमार्फत् जनाइएको छ । संगठन विभागको विधिलाई समेत बेवास्ता गरी केही अराजक तत्वहरु जिल्ला अधिवेशन गराउन लागिपरेकोले त्यसतर्फ सचेत रहन पनि आग्रह गरिएको छ ।

पार्टीका जिल्ला अध्यक्ष सोमबाहादुर घलान, सचिव दीपक सिन्तान सहितको हस्ताक्षरित प्रेस विज्ञप्तिमा विवादित कार्यक्रममा राजनीतिक दल, राज्य संयन्त्र, पार्टी नेतृत्वपंक्ती, पार्टी सदस्यहरु, पार्टी समर्थक र आम जनसमुदायमा कार्यक्रममा उपस्थित नहुन समेत आग्रह गरेको छ ।

# थप पाँच घण्टा ६०० मेगावाट विद्युत् दिने भारतको प्रतिबद्धता

काठमाडौं, १४ चैत/ भारतले नेपाललाई हाल उपलब्ध गराउँदै आएको विद्युत् आयात अवधि थप पाँच घण्टा बढाउने भएको छ । हाल बिहान ६ देखि साँझ ५ बजेसम्म मात्रै आयात हुने गरेकोमा अब राति ११ बजेदेखि बिहान ४ बजेसम्म पनि विद्युत् उपलब्ध गराउने जानकारी भारतीय समकक्षीले ऊर्जा सचिव सुरेश आचार्यलाई दिएको ऊर्जा मन्त्रालय स्रोतले जानकारी दियो ।

भारतले १५ मार्चदेखि सन आवर अर्थात् बिहान ६ देखि साँझ ५ बजेसम्म मात्रै नेपाललाई विद्युत् उपलब्ध गराउने गरी यसअघि स्वीकृति दिएको थियो । त्यस अवधिमा भारतीय खुला बजार (आईईएक्स) बाट १ हजार ४ मेगावाटसम्म विद्युत् आयात गर्न सकिने गरी स्वीकृति प्राप्त भएको छ । त्यसबाहेक १३ घण्टा आईईएक्सबाट आयात हुने विद्युत् पूरै बन्द हुने गरेको छ ।

अगामी १ अप्रिलदेखि अब राति ११ देखि बिहान ४ बजेसम्म ६ सय मेगावाट विद्युत् आयात गर्न पाइने भएको हो । यसबारे भारतीय पक्षले एसएमएस मार्फत जानकारी गराएको स्रोतले बतायो ।

यसरी रातको समयमा ६ सय मेगावाट विद्युत् आयात गर्न पाउँदा औद्योगिक क्षेत्रको लोडसेडिङ घटाउन मद्दत पुग्ने छ । रातको समय १२ घण्टासम्म औद्योगिक क्षेत्रमा लोडसेडिङ हुने गरेकोमा अब त्यो अवधि घट्ने मन्त्रालयको भनाइ छ ।

त्यस्तै, रातको समयमा विद्युत् आयात गर्न पाउँदा त्यस अवधिमा पिकिङ रन अफ द रिभर आयोजनाहरू बन्द गरी पानी जम्मा गर्न सकिने र त्यस्तो विद्युत् पिक आवरमा उत्पादन गर्न सकिने छ । यसैगरी नेपालको एकमात्रै जलाशययुक्त आयोजना कुलेखानीको पानी भण्डारण बचाउन पनि यसले मद्दत गर्ने छ ।

**२३० मेगावाट विद्युत् दिन पनि भारत सकारात्मक**

यसअघि गत ३ अक्टोबरमा भारतीय कम्पनी एनभीभीएनसँग भएको सहमति अनुसार २ सय ३० मेगावाट विद्युत् आयात गर्न दिन पनि भारतीय पक्ष सकारात्मक भएको ऊर्जा मन्त्रालयले जनाएको छ । यसअघि विद्युत प्राधिकरणले फलोअप नगरेको भन्दै फेब्रुअरीदेखि नेपालमा आयात हुन सक्ने गरी भएको सम्झौता भए पनि बिजुली दिने अनुमति भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट प्राप्त भएको थिएन ।

तर, परराष्ट्रमन्त्री आरजु राणाले त्यो विद्युत् पनि उपलब्ध गराइदिन गरेको अनुरोध अनुसार सहजीकरण प्रयास भइरहेको बारे जानकारी आएको मन्त्रालय स्रोतले जनायो । ३ अक्टोबरमा भएको सम्झौता अनुसार ७.०५ भारु दरमा एनभीभीएनले फेब्रुअरीदेखि मेसम्म २ सय ३० मेगावाट विद्युत् अनवरत उपलब्ध गराउनुपर्ने थियो ।

तर, भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट अनुमति नआएको भन्दै उसले अहिलेसम्म पनि बिजुली दिएको छैन । निकट भविष्यमा नै त्यो विद्युत् पनि आउने सम्भावना बढेको ऊर्जा स्रोत बताउँछ ।

अहिले भारतबाट आईईएक्स अतिरिक्त बिहार र उत्तर प्रदेशबाट १३२ केभीभन्दा साना प्रसारण लाइन मार्फत पनि २ सयदेखि २ सय ५० मेगावाटसम्म विद्युत् आयात भइरहेको छ । महाकाली सन्धि अन्तर्गत १६ मेगावाट विद्युत् पनि आयात भइरहेको छ ।


## सहकारीका गतिविधिवारे सचेत बनौ

- ☞ सहकारी कानूनको पालना गरौं,
- ☞ गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं,
- ☞ एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौं,
- ☞ सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- ☞ नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- ☞ सहकारी संस्थाको सञ्चालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- ☞ आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरू सचेत बनौं ।

*सहकारी मूल्यमान्यताको पालना गरौं*

नेपाल सरकार

विज्ञापन बोर्ड


# लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र: केन्द्रीय सदस्य राना



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हुने बताएका छन् ।

लोकतान्त्रिक संविधान र प्राप्त उपलब्धि विषयमा बिहिबार हेटौंडामा भएको नागरिक समाजसँगको अन्तरसंवाद कार्यक्रममा बोल्दै उनले लोकतन्त्रको विकल्पमा निरङकुश राजतन्त्र हुन नसक्ने जिकिर गरे । संघीय लोकतान्त्रिक गणतन्त्रामक व्यवस्थामा मुलुकले गरेको विकासको स्वामित्व सबै लोकतन्त्रवादी दलहरुले लिनुपर्ने उनको भनाई छ । मकवानपुर इन्चार्ज समेत रहेका रानाले राजतन्त्रको नाममा आमनेपालीको मनोविज्ञानलाई बिगार्ने कुचेष्टालाई सबै पक्ष मिलेर पराष्ट गर्नुपर्ने बताए ।

केन्द्रीय सदस्य रानाले लोकतन्त्र कुनै नारा लगाउने विषय नभई राजनीतिक दलको जीवनशैली भएको धारणा राखे । भएका कमजोरीलाई सुधार गरी व्यवस्थालाई सुदृढ बनाउन आफूहरु प्रतिबद्ध रहेको समेत उनले बताए । यसैगरी अन्तरसंवाद कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले राजतन्त्र फकाउने दिवासपना नदेख्न चेतावनी दिएका छन् ।

लामो संघर्ष र बलिदान बाट प्राप्त नेपालको संविधानले राजतन्त्रलाई नचिन्ने भएकोले राजतन्त्र फकिने कुनै सम्भावना नै नरहेको उनले दाबी गरे । पूर्वमुख्यमन्त्री पौडेलले राजा नै नभएको ठाउँमा राजतन्त्रको पक्षमा वकालत गर्नुको कुनै अर्थ नभएको समेत बताए । गणतन्त्र आएपश्चात भएका परिवर्तनहरु उजागर हुन नसक्दा पनि प्रतिगामी तत्वहरु सल्बलाएको उनको भनाई छ ।

एमाले मकवानपुरको आयोजना एवम् सामाजिक संघसंस्था समन्वय संयन्त्रको संयोजनमा कार्यक्रम भएको हो । नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा एमालेका केन्द्रीय सदस्य केदार न्यौपाने, भूमि आयोग मकवानपुरका अध्यक्ष बलराम बल, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठलगायत नागरिक समाजका अगुवाहरुको उपस्थिति रहेको थियो ।

# नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स दिन सर्वोच्चले खोल्यो बाटो

काठमाडौं, १४ चैत/ सर्वोच्च अदालतले नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स वितरण गर्न बाटो खोलिदिएको छ । नयाँ स्टक एक्स्चेन्ज लाइसेन्स वितरण रोक्न माग गर्दै कृष्णबहादुर थापाले गत पुसमा दायर गरेको रिट निवेदन सर्वोच्चले बुधबार खारेज गरिदिएको छ ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित न्यायाधीशहरु सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र मनोजकुमार शर्माको संवैधानिक इजलासले खारेज गरिदिएको छ । यो रिट खारेज भएसँगै नेपाल धितोपत्र बोर्डलाई लाइसेन्स दिन बाटो खुलेको हो ।

नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स लिनका लागि बोर्डमा ३ कम्पनीले आवेदन दिएका छन् । हिमालयन स्टक एक्स्चेन्ज, नेसनल स्टक एक्स्चेन्ज र अन्नपूर्ण स्टक एक्स्चेन्जले लाइसेन्सका लागि आवेदन दिएका हुन् । धितोपत्र बोर्डले नयाँ स्टक एक्स्चेन्जलाई




लाइसेन्स दिनका लागि र नेप्सेको पुर्नसंरचनाका लागि कार्यायोजना बुझाउन गठित कार्यदललाई जिम्मा दिएको छ । कार्यदलले यसमा अध्ययन गरिरहेको स्रोतले जनाएको छ । नयाँ स्टक एक्स्चेन्जलाई लाइसेन्स दिने र नेप्सेको पुर्नसंरचना दुवै सँगसँगै अघि बढाउने बोर्डको तयारी छ ।


*निर्माण व्यवसायी संघ मकवानपुरबाट जारी*

## प्रेस विज्ञप्ती

लगातार विभिन्न देशको युद्दलगायतका कारण भएको आर्थिक मन्दीजस्ता समस्या भोग्दै आइरहेको वर्तमान अवस्थामा अर्थतन्त्रको सामान्य सिद्धान्तलाई समेत बेवास्ता गर्दै निर्माण सामाग्री उत्पादक उद्योगहरु अनावश्यक कार्टेलिङ्ग गरी बजारमा सिमेन्टको बढाईएको भाउ अझैसम्म नघटेको अवस्थामा पुन:डण्डिको भाउ बढाइएको प्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता अव्यवहारिक एवम अवैज्ञानिक ढगंले उद्योगीहरुले कार्टेलिङ्ग गरी हालै डण्डी उत्पादक उद्योगले बिना कारण प्रतिकेजी २० (बीस रुपैया) मुल्यवृद्धि गरिनु पुर्णत कानुन विपरित रहेको यस संघको ठहर छ । पटक पटक बिना कारण अप्रत्यासित मुल्यवृद्दि हुंदासमेत नेपाल सरकार मौन बसेको विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । साथै निर्माण कार्यको म्याद थपमा देखिएको समस्यासँग हालसम्म पनि निर्माण व्यवसायीहरुको निर्माण सम्पन्न कामको बाकी रहेको अरबौं भुक्तानीहरु हालसम्म पनि नभएको हुँदा निर्माण व्यवसायीहरु पुन: धराशायी हुने स्थितिमा पुगेको बेलामा अप्रत्याशितरुपमा भएको सिमेन्ट तथा डण्डिको मुल्यवृद्धि अविलम्ब खारेज गरी आमउपभोक्तालाई राहत दिलाउन यस सघं नेपाल सरकारका सरोकारवाला निकायसमक्ष जोडदार माग गर्दछौं ।

साथै मुल्यबृद्धि तत्काल फिर्ता नलिएमा सम्पुर्ण निर्माण व्यवसायीहरुले निर्माणाधिन आयोजना/परियोजनाहरु ठप्पपारी सडकमा उत्रिएर आन्दोलनका कार्यक्रमहरु घोषणा गरी अघि बढ्न बाध्य हुने जानकारीसमेत गराउदछौं ।

**राजेन्द्र प्रसाद चौलागाई**
**महासचिव**
**निर्माण व्यवसायी संघ मकवानपुर**

## नवीकरण सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २५ औं वार्षिक साधारण सभा मिति २०८२ वैशाख ०६ गते हेटौंडामा हुन गईरहेको सहर्ष जानकारी गराउदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले यस संघको २५ औं वार्षिक साधारण सभामा सहभागी हुन मिति २०८१ चैत्र मसान्त सम्ममा २०८१/०८२ को अनिर्वाय रुपमा यस संघमा नवीकरण गराईसक्नु पर्ने व्यवस्था भए अनुसार अनिर्वाय रुपमा संघमा नवीकरण गर्नु गराउनु हुन हार्दिक अनुरोध गर्दछ ।

**राजेन्द्र प्रसाद चौलागाई**
**महासचिव**
**निर्माण व्यवसायी संघ मकवानपुर**
सम्पर्क नं.: ०५७-५२०८१६


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना